# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ३७, पूर्णाङ्क १३२ | २०७४ फागुन १६ गते बुधबार | Wednesday, 28 Feb 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## नेता सुदर्शन रिहा, पदम राई पुनः पक्राउ

■ रातो खबर संवाददाता /काठमाडौं





नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्य कमाण्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' मंगलबार रिहाइ भएका छन् भने पोलिट ब्युरो सदस्य पदम राई 'विकास'लाई थप अनुसन्धान भन्दै भोजपुर जिल्ला अदालतमा लगिएको छ। उनीहरुलाई यही ... बाँकी पृष्ठ ७ मा

## नगरपालिका कार्यालयमा बम विष्फोट

■ रातो खबर संवाददाता/काठमाडौं

बर्दिया जिल्लाको मधुवन नगरपालिका ५, रत्नचोक (साविक १७ नम्बर) बजारस्थित नगरपालिकाको कार्यालयमा आइतबार शक्तिशाली बम विष्फोट भएको छ । उक्त नगरपालिकाका मेयर गणेबहादुर क्षेत्री (कृष्ण



केसी) लाई पटक-पटक पीडित सुकुमबासीहरूले उचित बासको व्यवस्था नगरी नउठाउन अनुरोध गर्दागर्दै सुनुवाई नगरेको आरोपमा सो कारबाही गरेको हो। समस्या समाधान नभए थप उच्चस्तरको कारबाही गर्ने त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार उक्त नगरपालिका हुनुपर्ने सुकुमबासी संघको चेतावनी छ। लामो समयदेखि सुकुमबासीहरू आफूहरूलाई उचित व्यवस्थाको माग राख्दै आन्दोलन गर्दै आएको थियो।

# देशैभर सहिद सप्ताह भव्यरुपमा मनाइँदै

■ रातो खबर संवाददाता/काठमाडौं

नेपालमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले सशस्त्र संघर्षमा लामबद्ध हुने क्रममा उच्च सहादत प्राप्त गर्ने झापा विद्रोह र महान् जनयुद्धका सहिदहरूको सम्मानमा प्रत्येक वर्ष फागुन १४ गतेदेखि २१ गतेसम्म सहिद सप्ताह मनाइन्छ। प्रत्येक वर्ष आफूलाई माओवादी भन्न रुचाउने शक्तिहरूले यो सहिद सप्ताहमा विभिन्न कार्यक्रम गरेर मनाउने गरेका छन्।

झापा विद्रोहको नेतृत्व गर्ने अहिलेको एमाले र त्यसका अध्यक्ष केपी ओली सरकारको प्रधानमन्त्री बनेका छन् । त्यसैगरी, जनयुद्धको नेतृत्व गरेका प्रचण्डको पार्टी उक्त सरकारमा सामेल भएको छ । सबैलाई थाहा छ, वर्तमान राज्यव्यवस्था नयाँ जनवादी होइन, बरु दलाल संसदीय व्यवस्था हो । नयाँ जनवादी व्यवस्था स्थापनाको अभीष्ट बोकेर गरिएका झापा विद्रोह र दस बर्से जनयुद्धका मुख्य नेताहरूले नै वर्गघात गर्दै देशीवदेशी प्रतिक्रियावादका सामु आत्मसमर्पण गर्दै पुरानै राज्यव्यवस्थामा समाहित हुन पुगेका छन् । वर्गीय स्वार्थ पूर्णरूपले छाडी व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेका यी महाशयहरूले यसै व्यवस्थामा समाजवाद लागू गर्ने भ्रम छरिरहेका छन्।




यसैगरी जनयुद्धका सहिद तथा बेपत्ता परिवार समाज, केन्द्रीय समितिद्वारा सहिद सप्ताह २०७४ को सन्दर्भमा आयोजित सहिद तथा बेपत्ता योद्धा परिवार अभिनन्दन कार्यक्रम कोठमाडौं कमलादीस्थित प्रज्ञाभवनमा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहिद प्रतिष्ठान नेपालका पूर्वअध्यक्ष ताथ हाल सल्लाहकार एवं बेपत्ता योद्धा परिवारका सल्लाहकार एकराज भण्डारी एवम् महान् सहिद कृष्ण सेन 'इच्छुक' की जीवनसंगिनी तक्मा केसीले मन्तव्य मात्र दिदै क्रान्तिको पूर्णताको शुभकामना पनि दिनुभएको थियो । कार्यक्रममा सहिद तथा बेपत्ता योद्धा परिवारका ५ दर्जनभन्दा बढीलाई अभिनन्दन पत्र, घडीसहित अबिर लगाएर आयोजकले सम्मान गरेका छन्। उक्त कार्यक्रमको अध्यक्ष जसबहादुर स्याङतानको अध्यक्षता सहनी थामीको सञ्चालनमा ... बाँकी पृष्ठ ५ मा


## नेपाल इन्जिनियरिङ कलेज

nec

NEPAL ENGINEERING COLLEGE 1994

(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

चाँगुनारायण भक्तपुर, पो.ब.नं. १०२१०, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-५२२१००६, फ्याक्स: ९७७-१-५२२१००१

इमेल: info@nec.edu.np, वेबसाईट: www.nec.edu.np

Sedex | CERTIFIED Eurocert | ISO | ISO | ISO

### का. वा. अध्यक्ष श्री सूर्य बहादुर के. सी. (मा. सांसद) का नाउँमा सार्वजनिक सूचना

कलेजलाई अध्यक्ष लम्बोदर न्यौपानेको निजी नाममा प्रा.लि. कम्पनी बनाउने र पछि सबैलाई बाँडफाँड गर्ने समूहका मुख्य संलग्न व्यक्ति तपाई सूर्य बहादुर के.सी. लगायतको हस्ताक्षरबाट मिति ११ फाल्गुण २०७४ मा अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित सूचनाप्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ।

नेपाल इन्जिनियरिङ कलेजको विधान २०६० को दफा ३.३ अनुसार कलेज स्थापना समितिका सदस्यमध्ये अध्यक्ष-१ र सदस्य-६ गरी ७ जना र स्थानीय समाजसेवीबाट-१, अभिभावक मध्येबाट-१ जना, विश्वविद्यालयका प्रतिनिधि-१ तथा कलेजको प्रिन्सिपल सदस्य सचिव/सचिव-१ जना गरी जम्मा ११ जना संचालक रहेको कुरा तपाई लगायतबाट हस्ताक्षरित र जि.प्र.का. भक्तपुरमा २०६०/०५/०४ मा दर्ता भएको विधानमा प्रष्ट छ। तपाईंको सूचनामा ७ जना मात्र संचालकको नाम उल्लेख गरी भ्रम फैलाउने काम गर्नुभएको छ।

मिति २०७४ वैशाख २५ गते श्री लम्बोदर न्यौपानेको एकल नाममा प्रा.लि. कम्पनी दर्ता गराई तपाईंको मुख्य संलग्नतामा कलेजको सम्पत्ति हडप्ने दुष्प्रयास गर्नु भएकोमा विद्यार्थी, स्थानीय जनता तथा शिक्षक कर्मचारीको आन्दोलन र हाम्रो प्रयासले उक्त दर्ता गराइएको प्रा.लि.लाई खारेज गराइएको जग जाहेर छ।

सोही आन्दोलनबाट जनित अवस्थाले गर्दा संचालक नरहेको मलाई समेत आमन्त्रण गरी मिति २०७४/०५/२६ गतेको संचालक समितिको विशेष बैठकमा सर्वसम्मत निर्णय गरी मलाई विधानको दफा ३.३ अनुसार अभिभावकका तर्फबाट सदस्य नियुक्ति भएको हो। तपाईं स्वयंको अनुरोधमा संचालक समितिले तपाईंलाई भोटाधिकार रहित संचालक समितिको आमन्त्रित सदस्यमा नियुक्ति गरेको भन्ने अत्यन्त भ्रामक कुरा लेखी कलेजको सहज बन्दै गरेको वातावरणलाई धमिल्याउने दुष्प्रयास गर्नुभएको छ। भोटाधिकार रहित र आमन्त्रित सदस्यमा मेरो नियुक्ति भएको होइन। तपाईंको दयाले मेरो नियुक्ति भएको होइन। आन्दोलनले ल्याएको परिस्थितिले मलाई विधानको दफा ३.३ अनुसारको सदस्यमा सर्वसम्मत निर्णय गरी स्थापित गराइएको हो। यसलाई मिति २०७४/०५/२७ गते जि.प्र.का., भक्तपुरमा भएको बैठकबाट समेत अनुमोदन गरिएको हो। उक्त बैठकमा विगत २३ वर्षदेखि संचालित यस कलेजलाई निजी सम्पत्ति बनाई हडप्ने प्रयास विद्यार्थी समूदाय, स्थानीय जनता, शिक्षक कर्मचारीको आन्दोलन र हाम्रो प्रयासले सफल हुन नदिएकाले विक्षिप्त भई तपाईंले गर्नु-गराउनु भएका कलेज हितविपरितका निर्णयहरू मान्य हुने कुरै थिएनन्।

तपाईंको मुख्य संलग्नतामा भएको अन्य ३ जना संलग्न व्यक्तिहरु समेत मिली गर्नु गराउनु भएका

(१) कलेजलाई व्यक्तिगत सम्पत्ति बनाई हडप्ने प्रयास,

(२) कलेजको खाताबाट तपाईंले गैर कानूनी, अवैधानिक र अनैतिक रूपमा लग्नुभएको १ करोड ५० लाख रूपैयाँ फिर्ता गर्न मिति २०७४/०७/०८ मा पठाइएको पत्र

(३) तपाई लगायतका मुख्य संलग्न व्यक्तिहरुबाट कलेजलाई प्रा.लि. बनाई कलेजको जायजेथा हडप्ने प्रयास गर्न गैर कानुनी निर्णय गरी बिल भर्पाई पेश गर्न नपर्ने भनी निर्णय गर्दै ठूलो रकम कलेजबाट निकाली कर समेत छल्ने कार्य गर्नुभएकोमा तपाईंको हिस्सामा पर्न आउने रकम रू. १ करोड ५० लाख कलेजमा फिर्ता गनुपर्ने लगायतका कारणले विचलित भई तपाईंको समूहबाट गरिएका लेखा नियन्त्रकलाई निष्काशन गर्ने लगायतका कुनै पनि निर्णय कलेजको खाताबाट लगिएको ठूलो रकम लुकाउने/पचाउने बदनियतबाट प्रेरित रहेकोले कलेज हितको लागि त्यस्ता निर्णय मान्य हुने छैनन्। हिनामिना गरेको ४० लाख भन्दा बढीको रकम मिनाहा गरिदिने शर्तमा नक्कली बिल भौचर तयार गर्न लगाई भन्ने कुरा नितान्त झुठा, कपोलकल्पित र कलेजबाट लगेको रकम फिर्ता दिनुपर्ने अवस्थाबाट अत्तालिएको मनस्थितिमा व्यक्त गर्नुभएको लाञ्छनायुक्त अभिव्यक्ति हो। म तपाईंलाई उक्त लाञ्छना प्रमाणित गर्न चुनौति दिन्छु। शैक्षिक वातावरणमा आँच आउने कार्य गरिरहनु भएको भनी उल्लेख गर्नुभएकोमा कुन कुन कार्य त्यस्तो हो सो को फेहरिस्त कलेज प्रशासनलाई जानकारी गराइदिनु भए सहयोग हुनेछ। अन्यथा कलेजमा नआउने, संचालक समितिको बैठक डाक्न अनुरोध गर्दा बैठक नडाक्ने, डाकिएको बैठकमा उपस्थित नहुने र कलेजलाई अप्ठेरो पार्ने कार्य दूर संचालन गरिरहने तपाईंबाट कलेजलाई पर्न गएको अप्ठेरो र पठन-पाठनमा पर्न जाने असरप्रति तपाई सूर्य बहादुर के.सी. (सांसद) जवाफदेही हुनुपर्नेछ।

यसैबिच विद्यार्थीको परीक्षाको खस्कदो नतिजा समेत हेरेर कलेजमा विद्यार्थीको माग समेतलाई ध्यानमा राख्दै निम्न बमोजिम कार्य भएका छन् :

(१) वरिष्ठ प्राध्यापकहरू खोजी नियुक्ति गर्ने कार्य,

(२) कलेजमा पुराना भई काम नलाग्ने भएका उपकरणहरूको सट्टा नयाँ उपकरण खरीद गर्ने कार्य,

(३) तीन वर्ष अघि नै बनिसक्नु पर्ने सिभिल तथा ग्रामिण इन्जिनियरिङका विद्यार्थीलाई अति आवश्यक पर्ने प्रयोगशाला निर्माण र स्थापनाको कार्य,

(४) कलेज प्रवेश मार्ग र आन्तरिक सडक समेत जीर्ण भएको र विगतका वर्षहरूमा मर्मत सम्भारमा प्रयास भएको नदेखिएकोले सोलाई मरम्मत गर्नेकार्य,

(५) कलेजलाई आवश्यक विद्यार्थी केन्द्र (Student Centre) भवनको नक्सा तयार पारी नगरपालिकामा स्विकृतिको लागि पेश गरिएको,

(६) ई-पुस्तकालयको काम अगाडि बढीरहेको

(७) कलेजलाई आर्थिक भार कम गर्दै जान अनावश्यक राखिएका कर्मचारीको करार अवधि थप नगरिएको,

लगायतका कार्यहरू कुन कुन तपाईंले भनेजस्तो प्रचलित विधान विपरित कलेजको इज्जत प्रतिष्ठामा तथा शैक्षिक वातावरणमा आँच आउने कार्य भएका हुन् सो प्रष्ट पारी दिनुहुनेछ।

कानूनी र नैतिक धरातल नभएका झण्डै २ अर्बको सम्पत्ति हडप्ने प्रयास गर्ने मिति २०७४/११/११ को सूचनाका हस्ताक्षरकर्ता तपाई वर्तमान का.वा. अध्यक्ष सूर्य बहादुर के.सी. (सांसद) लगायतको मिलीभगतबाट १५ करोडभन्दा बढी रकम निकालिएकोलाई लुकाउने मनशायले असत्य र कपोलकल्पित तथा भ्रामक सूचनाको नै खण्डन गर्दै त्यस्ता कार्य सांसद जस्तो गरिमामय पदमा आशिन तपाईंबाट भएकोमा खेद व्यक्त गर्दछु। विद्यार्थी, स्थानीय जनता र कर्मचारी वर्गबाट तालाबन्दी भई पठन-पाठनमा वाधा हुँदा समेत कलेजमा नआउनु भएको, कलेजका समस्या सम्बन्धमा कुनै सरोकार नराख्नुभएको, विद्यार्थीको भविष्यप्रति र अभिभावकको लगानीप्रति खेलवाड गर्नुहुने तपाईंको समूहलाई अब कलेजलाई संचालन गर्न अवरोध हुने कृयाकलाप नगर्नुहुन सचेत पार्दछु।

प्रा. डा. दीपक भट्टराई

अध्यक्ष/का.वा. अध्यक्षसँग सहकार्य गर्ने संचालक


### देशव्यापी अन्तरक्रिया कार्यक्रम सम्पन्न

## नेकपामाथि गरिएको दमनको तीव्र विरोध

■ अम्बिका चन्द/काठमाडौं

सरकारी दमन र प्रहरी हस्तक्षेपका विरुद्ध बिहीबार देशव्यापी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। आइतबार विराटनगरमा आयोजित युवा जनस्वयंसेवकको राष्ट्रिय सम्मेलनमा जाँदै गर्दा नेकपाका नेताद्वय हेमन्तप्रकाश ओली 'सुदर्शन' र पदम राई 'विकास' लगायतका नेता-कार्यकर्ताहरूलाई प्रहरीले बिनाकारण पक्राउ गरेको तथा खुल्ला सभामाथि हस्तक्षेप गरेको विरोधमा सो पार्टीले बिहीबार देशव्यापी अन्तरक्रिया कार्यक्रमको लागि निर्देशन गरेको थियो। पूर्व निर्धारित कार्यक्रमअनुसार नेपाल राष्ट्रिय बुद्धिजीवी संगठनले काठमाडौंको कमलादीस्थित प्रज्ञाभवनमा 'राज्य र जनताको राजनीतिक स्वतन्त्रता' विषयक अन्तरक्रिया




कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा बोल्ने वक्ताहरूले ओली सरकारद्वारा नेकपामाथि गरिएको प्रहरी दमन ... बाँकी पृष्ठ ७ मा

# केपी–पिके सरकारी दमनको रहस्य

देश/परिवेश

■ विप्लव



केपी-ओलीको सरकार सत्तासीन भएको चार दिनमा नै हाम्रो पार्टीका स्थायी समिति सदस्य क. सुदर्शन र पीबीएम क. पदम राईलाई युवाहरूको राष्ट्रिय सम्मेलनमा सहभागी हुन विराटनगर जाँदै गर्दा बिनाकारण बाटोबाटै गिरफ्तार गऱ्यो। हाम्रो पार्टीले केपी सरकार बनेको ४ दिनमा दमनको प्रतिरोध गर्न नेपालबन्द पनि गऱ्यो। दमनकारी ओली सरकारले हाम्रा कमरेडहरूलाई आजसम्म पनि छोडेको छैन । उल्टै दर्जनौं कमरेडहरूलाई देशभरीबाट गिरफ्तार गरेर शान्तिपूर्ण कार्यक्रममा अवरोध सिर्जना गरी दमन गर्न खोजेको बुझिएको छ । हामीले ओली सरकारको यसप्रकारको दमनको सशक्त प्रकारले प्रतिरोध गर्ने नीति लिएका छौं।

सबैले बुझेको र हामीले प्रष्ट गर्नुपर्ने कुरा राष्ट्रिय युवा जनस्वयंसेवक वामपन्थी प्रगतिशील क्रान्तिकारी युवाहरूको लोकप्रिय संगठन हो । यसले विराटनगरमा तेस्रो राष्ट्रिय सम्मेलन गर्दै थियो। यसअघि यसले काठमाडौं र पोखरामा दुईओटा सम्मेलन भव्यताका साथ सम्पन्न गरिसकेको छ । यसले निरन्तर जनताको अधिकार, राष्ट्रिय स्वाधीनता र जनताले दैनिक भोगेका समस्याका विरुद्ध संघर्ष गर्दै आएको छ। यतिबेला पनि यो संगठनले राष्ट्रघात र जनघातका विरुद्ध संघर्ष गरिरहेको छ । यो संघर्षलाई आजसम्म कसैले पनि अराजनीतिक, गैरकानुनी (संसद्वादी राज्यअनुसारको) प्रतिबन्धित भनेर घोषणा गरेको छैन।

तर, केपी ओलीको सरकारले विगतका सबै सरकारलाई उछिन्दै युवा संगठनको राष्ट्रिय सम्मेलनलाई प्रतिबन्द लगायो र सम्मेलनलाई जनयुद्धको संकटकालको अवस्थामा भन्दा पनि निच र कायरतापूर्ण तरिकाले ढंगले बिथोल्यो । सम्मेलनमा सहभागी हुन हिंडिरहनुभएका पूरै निःशस्त्र र शान्तिपूर्ण रूपमा (क. सुदर्शन, क. पदम राईलगायत दर्जनौं युवा प्रतिनिधिहरूलाई गिरफ्तार गऱ्यो । बिनाजानकारी युवाहरूको संगठनलाई प्रतिबन्ध र दमन गर्ने कार्य सामान्य नभएर क्रान्तिकारी युवा र नेपाल कम्युनिस्ट पार्टीको लोकप्रियताबाट आतंकित भएको केपी-प्रचण्डको षड्यन्त्रकारी साँठगाँठ हो भन्ने बुझिन्छ।

केपी ओलीको नेतृत्वमा सरकार बनेपछि हाम्रो कुनै छलफल भएको छैन तर एकाएक युद्ध र प्रतिबन्धित जसरी हाम्रो पार्टीविरुद्ध उत्रेको छ; यसका बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# शहीद सप्ताह र क्रान्तिकारीहरुको दायित्व

नेपालमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले सशस्त्र संघर्षमा लामबद्ध हुने क्रममा उच्च शहादात प्राप्त गर्ने झापा विद्रोह र महान् जनयुद्धका शहीदहरुको सम्मानमा प्रत्येक वर्ष फागुन १४ गतेदेखि २१ गतेसम्म शहीद सप्ताह मनाइन्छ । प्रत्येक वर्ष आफूलाई माओवादी भन्न रुचाउने शक्तिहरुले यो शहीद सप्ताहमा विभिन्न कार्यक्रम गरेर मनाउने गरेका छन् ।

झापा विद्रोहको नेतृत्व गर्ने अहिलेको एमाले र त्यसका अध्यक्ष केपी ओली सरकारको प्रधानमन्त्री बनेका छन् । त्यसैगरी जनयुद्धको नेतृत्व गरेका प्रचण्डको पार्टी उक्त सरकारमा सामेल भएको छ । सबैलाई थाहा छ वर्तमान राज्य व्यवस्था नयाँ जनवादी होइन, बरु दलाल संसदीय व्यवस्था हो । नयाँ जनवादी व्यवस्था स्थापनाको अभिष्ट बोकेर गरिएका झापा विद्रोह र दश वर्षे जनयुद्धका मुख्य नेताहरुले नै वर्गघात गर्दै देशीवदेशी प्रतिक्रियावादका सामू आत्मासमर्पण गरी पुरानै राज्यव्यवस्थामा समाहित हुन पुगेका छन् । वर्गीय स्वार्थ पूर्णरुपले छाडि व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुवेका यी महाशयहरुले यसै व्यवस्थामा समाजवाद लागू गर्ने भ्रम छरिरहेका छन् ।

शहीद सप्ताहको दिन पारेर माओवादी केन्द्रका नेता तथा जनयुद्धका एक जना योजनाकार रामबहादुर थापा( बादल) यही व्यवस्था अन्तर्गतको सरकारका गृहमन्त्रीको सपथ खान पुगेका छन् । उनले गृहमन्त्री हुने बित्तिक्कै देशमा शान्ति सुरक्षा कायम गर्न सबै काम गर्ने भनेका छन् । यसरी हिजोको क्रान्तिकारी पार्टी मुख्य नेताहरु प्रचण्ड, बाबुराम र बादलहरुले यही संसदीय व्यवस्थालाई स्वीकार गरेका मात्र होइनन् कि यसको रक्षा गर्ने प्रतिबद्धता जारी गरेका छन् । उनीहरुको यो प्रक्रियाले एकातिर क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा नै ठूलो गद्दारी गरेका छन् भनें, अहिले आएर क्रान्तिकारी शक्तिहरुमाथि दमन गर्न थालेका छन् ।

त्यसैले अहिले नेपालका सच्चा क्रान्तिकारीहरुका सामु चुनौतिहरु खडा भएका छन् । हिजोका आफ्नै नेताहरु जो पुरानो राज्य प्रणालीको रक्षक बन्न पुगेका छन् उनीहरुका सबैखाल तिकडमबाजीहरुलाई चिर्नु पर्ने भएको छ । उनीहरुले फैलाएका सबैखाले भ्रमहरुको पर्दाफास गर्नु पर्ने भएको छ । उनीहरुले थापर्दै गएका दमनहरुलाई तोड्नु पर्नेछ ।

नेपाली जनवादी क्रान्तिले नेपालको राजतन्त्रको अन्त त गऱ्यो । तर जनताको राज्य व्यवस्था स्थापना हुन सकेको छैन । जनयुद्धकालमा शहादात प्राप्त गर्ने सबै शहीदहरुले देखेको सपना नेपालमा जनवाद स्थापना गर्दै समाजवाद हुँदै साम्यावाद हो । विगत १२ वर्षदेखि नेपालको क्रान्तिमा रोकावट आएको छ । त्यो क्रान्तिलाई पुनः शुरु गर्दै सफलतासम्म पुऱ्याउनु पर्दछ । नेपालको सन्दर्भमा नेपालको क्रान्तिलाई एकीकृत जनक्रान्तिका माध्यमबाट पूरा गर्नु पर्दछ । त्यसैले अहिले नेपाली सच्चा क्रान्तिकारीहरुका सामू नवसंशोधनवादीहरुका भ्रमलाई चिरी क्रान्तिलाई पूरा गर्ने दायित्व रहेको छ ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# सहिद सप्ताह, सपना र नेतृत्व

*२००७ सालमा राणा, कांग्रेस र राजाबीच दिल्लीमा सम्झौता भयो । त्यसको भीमदत्तले विरोध मात्र गरेनन्, उनी काठमाडौंमा आएर तत्कालीन कम्युनिस्ट पार्टीका महासचिव मनमोहन अधिकारीलाई भेटेर सशस्त्र आन्दोलन गर्न प्रस्ताव राखेका थिए । उनले कम्युनिस्ट पार्टीको सदस्यता पनि मागेका थिए । उनलाई सदस्यता दिइएन । नरबहादुर कर्मचार्यले उनलाई अखिल नेपाल किसान संघको सदस्यता दिएका थिए । त्यहाँबाट फर्किएपछि उनले किसान संघर्ष सुरु गरेका थिए । स्थानीय समान्तहरूका विरुद्ध उनले फौज तयार गरी किसान राज स्थापना गरे ।*


गुणराज लोहनी

जनयुद्धको स्थगन गरेको बाह्र वर्षको दौरानमा माओवादीको नाममा दुई जना ३ पटक प्रधानमन्त्री बन्न पुगेका छन् । अहिले फेरि केपी ओलीको नेतृत्वमा ७ जना मन्त्री हुँदैछन् । यी दुई जना प्रधामन्त्रीले जनयुद्धका क्रममा सहिद, बेपत्ता भएका र घाइते योद्धाहरूलाई राष्ट्रिय सम्मान दिन सकेका छैनन् । माओवादीको नाममा जो जो सरकारमा गए, उनीहरू आफैं मोटाए । पैसा कमाए । परिवार र आफन्तको पुस्तालाई चुस्त बनाए । जनयुद्धमा सहिद र बेपत्ता भएका योद्धाहरूलाई "द्वन्द्वका क्रममा मारिएका वा बेपत्ता भएका" भन्ने गरिएको छ । जुन उद्देश्यले जनयुद्धको सुरुआत गरिएको थियो, राजनीतिक लक्ष्य लिइएको थियो, त्यसका सिद्धान्तकार, योजनाकार र नेतृत्व पंक्तिको मुख्य तप्का अहिले दलाल संसदीय व्यवस्थामा चुर्लुम्म डुबेको छ । अर्को तप्काले मार्क्सवाद नै परित्याग गर्न पुगेको छ । नेपालको सन्दर्भमा जनयुद्धलाई पद, पैसा, प्रतिष्ठा र परिवारको उन्नयनमा प्रयोग गरेर सम्भ्रान्त बन्न उनीहरू पुगे । जनयुद्धको मुख्य नेतृत्व गरेका प्रचण्ड अहिले नेपाली चाउचेस्कुमा परिणत भएका छन् । मार्क्सवादलाई नै परित्याग गरी भद्दा बुर्जुवामा रूपान्तरित हुन पुगेका बाबुरामले नेपाली बोरिस यल्त्सिनको रूप धारणा गर्न पुगेका छन् । यस्तो परिवेशमा यी मनुवाहरूबाट सहिद परिवार, बेपत्ता योद्धा परिवार, घाइते वा अन्य जनताले के आशा गर्ने ?

### जनवादी आन्दोलनका सहिदहरू

नेपालमा जहानियाँ सामन्ती राणा विरोधी आन्दोलनका पहिलो सहिद लखन थापालाई मानिएको छ । पुरानो गोरख गणमा भर्ना भएका लखन थापा जसलाई अंग्रेजले भारतीय विद्रोहीलाई दबाउन जंगबहादुर राणाले नेपालबाट पठाएको थियो, त्यो सेनाले विद्रोहीहरूलाई दबाएको थियो । त्यो परिघटना "लखनउ लुट" बाट चित्रित छ । उनले यी घटनाहरू आफ्नै आँखाले देखेका थिए । साथै त्यहाँका विद्रोहीसँग लखन थापाको सम्पर्क पनि भएको थियो । यो परिघटनाले लखन थापामा राजनीतिक चेतना आयो । उनी त्यहाँबाट फर्किएपछि राणा शासनका विरुद्ध ६० नाल भरुवा बन्दुक, ठूलो संख्यामा तरबार, भाला, डण्डी, धनुकाँड, खुँडा र कटारी जम्मा गरेर गोरखाको बुङ्कोटमा सैन्य तालिम गरिरहेका थिए । यो कुरा जंगबहादुरले थाहा पाएर १९३३ साल फागुन २ गतेका दिन लखन थापा, उनका साथीहरू जयसिंह चुमी (राणा), अच्छामी मगर र अन्य चार गरी ७ जनालाई क्रुरतापूर्वक झुण्ड्याएर मारिएको थियो । सबैभन्दा पहिला लखन थापा झुण्डिएकाले उनलाई पहिलो सहिद भन्ने गरिएको छ ।

राणा शासनका विरुद्ध व्यवस्थित राजनीतिक आन्दोलन गंगालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराज शास्त्रीहरूले गरेका थिए । यिनीहरूमा पनि गंगालाल मार्क्सवादी विचारबाट प्रशिक्षित थिए ।

भारतमा अंग्रेजविरुद्धको आन्दोलनका क्रममा भारतीय हिरासतमा बसेर नेपाल फर्किएका भीमदत्त पन्त राणा विरोधी आन्दोलनमा सहभागी भएका थिए । २००७ सालमा राणा, कांग्रेस र राजाबीच दिल्लीमा सम्झौता भयो । त्यसको भीमदत्तले विरोध मात्र गरेनन्, उनी काठमाडौंमा आएर तत्कालीन कम्युनिस्ट पार्टीका महासचिव मनमोहन अधिकारीलाई भेटेर सशस्त्र आन्दोलन गर्न प्रस्ताव राखेका थिए । उनले कम्युनिस्ट पार्टीको सदस्यता पनि मागेका थिए । उनलाई सदस्यता दिइएन । नरबहादुर कर्मचार्यले उनलाई अखिल नेपाल किसान संघको सदस्यता दिएका थिए । त्यहाँबाट फर्किएपछि उनले किसान संघर्ष सुरु गरेका थिए । स्थानीय समान्तहरूका विरुद्ध उनले फौज तयार गरी किसान राज स्थापना गरे । उनलाई दबाउन तत्कालीन सरकारले पुलिस र सेना परिचालन गऱ्यो । नेपाली पुलिस र सेना उनको फौजसँग हारेपछि नेपाल सरकारले भारतीय सेना नेपाल भित्र्यायो । भारतीय सेनासँग पनि जमेर लडेको थियो भीमदत्तको सेना । भारतीय सेना तहस-नहस त भयो तर भीमदत्तको फौजले हराउन सकेन । "कि जोत हलो, कि त छोड थलो, होइन भनें अब छैन भलो" भन्ने नारा दिएका थिए । भूमिगत बसिराखेको अवस्थामा भीमदत्त पन्तका मीतले बसेको ठाउँ पत्ता लगाई २०१० साल साउन १७ गते गोली हानी हत्या गऱ्यो । उनको टाउको काटेर मीतले सामन्तलाई बुझाएको थियो । उनको टाउको कैयौं दिनसम्म डडेल्धुरामा बाँसको लिङ्गोमा टाँगिएको थियो । साम्यवादी विचारद्वारा लैस भएर हतियारबद्ध आन्दोलनको नेतृत्व गरी सहादत प्राप्त गर्ने पहिलो व्यक्ति भीमदत्त पन्त हुन् ।

विगतका अनुभव, अनुभूति, तत्कालीन निरकुंश पञ्चायती व्यवस्था, कम्युनिस्ट पार्टीमा हुर्किएको संशोधनवाद र दरबारसँगको आत्मसमर्पणका विरुद्ध झापाका युवाहरूले सशस्त्र विद्रोह गरेका थिए । उक्त विद्रोहको भावनात्मक पक्ष सही थियो । वैचारिक पक्षमा केही कमजोरी थिए । पञ्चायती शासकहरूले उक्त आन्दोलन दवाउनका लागि दमन थोपऱ्यो । यही क्रममा झापाको सुखानी जंगलमा पहिला नै गिरफ्तार भएका रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइंकेल, वीरेन राजवंशी, नारायण श्रेष्ठलाई २०२९ साल फागुन २१ गतेका दिन गोली हानी हत्या गरेको थियो । झापा विद्रोहका क्रममा जो जति सहिद भए, उनीहरू नयाँ जनवादी व्यवस्था स्थापना गर्नका लागि भएका थिए ।

नेपालका सबैखाले राजनीतिक आन्दोलन, जनवादी आन्दोलन, विगतका त्याग, बलिदान र समर्पणहरूलाई संश्लेषण गर्दै, अनुभवहरूबाट पाठ सिक्दै २०५२ साल फागुन १ गतेका दिन जनयुद्धको शंखघोष गरिएको थियो । त्यो जनयुद्ध विचार, राजनीति, फौजी सबै पक्षबाट सशक्त थियो । जनयुद्धले नेपालको सामन्तवादी राजतन्त्रको अन्त्य गरेको थियो । जनयुद्धले दुई वटा लक्ष्य लिएको थियो, वर्गीय मुक्ति र राष्ट्रिय मुक्ति । यही क्रममा २०५२ साल फागुन १४ गतेका दिन विद्यालयमा पढ्दै गरेका बालक दिलबहादुर रम्तेलको हत्या तत्कालीन शासकहरूले गरेका थिए । यसरी दिलबादुर रम्तेल जनयुद्धका पहिला सहिद भए । त्यसपछि राज्यले हत्याकाण्डको अभियान नै सञ्चालन गरेको थियो । यसक्रममा माओवादीका माथिल्ला स्तरका नेताहरू पोलिट ब्युरो सदस्य सुरेश वाग्ले (वासु), केन्द्रीय सदस्यहरू किमबहादुर थापा (सुनिल), शेरमान कुँवर, रीतबहादर खड्का, मोहनचन्द्र घिमिरे, नेपबहादुर केसी, जनकवि एवम् वरिष्ठ पत्रकार कृष्ण सेन (इच्छुक), कमान्डरहरू जीत, योद्धा, बहुवीर, प्रहार, स्वप्नशिला, महिना नेतृहरू कमला भट्ट, दिल माया योञ्जन, लली रोकायलगायतका नेता, कार्यकर्ता, जनताले सामन्ती राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी राज्यव्यवस्था स्थापनाका लागि जनयुद्धमा आफ्नो अमूल्य जीवन गुमाउने ८ हजार ५ सय २५ जना सहिद हुनुका साथै, तत्कालीन राज्यद्वारा केन्द्रीय सदस्य डण्डपाणि न्यौपाने, विद्यार्थी नेताहरू पूर्ण पौडेल, विपिन भण्डारी, ज्ञानेन्द्र त्रिपाठीलगायत बेपत्ता पारिएका १ हजार ५४ जना बेपत्ता र हजारौं घाइते हुन पुगेका जनयुद्ध त्याग, बलिदान र समर्पणको उच्चता थियो ।

जनयुद्धको विकास र विस्तारसँगै यसलाई व्यापकता बनाउनुपर्ने आवश्यकता महसुस गरी नेपालमा विगतमा भएका सबै खाले जनवादी आन्दोलनलाई "इतिहासका टुटेका कडी" लाई जोड्ने काम २०५५ सालमा भएको चौथो विस्तारित बैठकले निर्णय गरेको थियो । जनयुद्धलाई उच्चता दिन र इतिहासको सही मूल्याङ्कन गर्न "चिहान खन्ने र निकाल्ने" नीति पनि लिएको थियो । त्यही नीतिअनुसार उक्त विस्तारित बैठकले २०२९ साल फागुन २१ गते सुखानी हत्या काण्ड र २०५२ साल फागुन १४ गते दिलबहादुर रम्तेलले सहादत प्राप्त गरेको दिन बीचको एक हप्तालाई "सहिद सप्ताह" मनाउने निर्णय गरेको थियो ।

### सहिदका सपना

जनयुद्ध सुरु भएको २२ वर्ष पुगेर २३ वर्ष लागेको छ । यसबीचमा माओवादी आन्दोलनमा निकै ठूलो उतारचढाव आएको छ । माओवादी जनयुद्ध केन्द्रीय सत्ता कब्जाको सन्निकट पुग्यो । पुरानो सामन्ती सत्ताको सबै सुरक्षा शक्तिलाई युद्धमैदानमा परास्त गऱ्यो । राजनीतिक रूपमा जनताको सत्ता स्थापना गरेर जनताको सेवा गरिराखेको थियो । संसदीय व्यवस्था पूर्णरूपले ध्वस्त भएको थियो । संसदीय पार्टीका नेताहरू आफ्नो जीवन रक्षाका लागि माओवादीसँग गुहार मागिरहेका थिए । थोरै पनि हेलचेक्राइँ गर्नेहरूलाई ज्ञानेन्द्र शाहीले शाही सेनाको कडा पहरामा बन्दी बनाएका थिए । वैज्ञानिक विचार, उत्कृष्ट राजनीति, सक्षम नेतृत्व, त्याग, बलिदान र समर्पणले ओतप्रोत पार्टीका नेता र कार्यकर्ता, जनतामा फिंजिएको पार्टी संगठन अभेद्य शक्ति थियो । नेता, कार्यकर्ता र जनताको एउटै अभीष्ट थियो- अमेरिकी साम्राज्यवाद, भारतीय साम्राज्यवाद पालित-पोषित नेपाली प्रतिक्रियावादी राज्यसत्तालाई पूर्ण ध्वंस गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्दै समाजवाद हुँदै साम्यवादमा पुग्ने । मानवजीवनकै उत्कृष्ट, सुन्दर, सभ्य र समान समाज स्थापना गर्ने । यी उत्कट चाहनाका कारण मान्छेहरू स्पातमा परिणत भएका थिए । त्यसैले दुश्मनका अमानुषी दमन, यातना र तडपनले उनीहरूलाई गलाउन सकेन । झुकाउन सकेन । फुटेको मुटुबाट ह्वालह्वालती रगत बगिरहँदा उनीहरूको मुठ्ठी उठ्थ्यो । मुखबाट महान् जनयुद्ध जिन्दावादको आकाश थर्किने नारा लाग्दथ्यो । यही नै सहिद, बेपत्ता योद्धाहरूको सपना थियो ।

अहिले प्रचण्ड र बाबुरामहरूले जनता, नेता/कार्यकर्ता, सहिद, बेपत्ता योद्धा र घाइते योद्धाहरूका यी सपनामाथि होली खेलेका छन् । प्रचण्ड र बाबुरामले गरेको वर्गघातका साथै राष्ट्रघातका कारण माओवादी आन्दोलनमा वैचारिक विचलन आयो । प्रचण्ड संसदीय व्यवस्थामा फर्किएका छन् । बाबुरामले मार्क्सवादलाई नै परित्याग गर्न पुगेका छन् । त्यसैले उनीहरू प्रधानमन्त्री हुँदा अथवा पुरानो सत्तासँग वार्ता, सहमति र सम्झौता गर्दा सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धाका जीवनयापन, सुखसुविधा, राज्यद्वारा लिइनुपर्ने अभिभावकत्वका बारेमा केही पनि गरेनन् । यसरी सिंगो जनयुद्धले ठूलो धक्का खायो । बेपत्ता योद्धाहरूको खोजी गरिएको छैन । न सास छ, न आस । ज्यूँदो सहिदका रूपमा आधा जीवन बाँचेका घाइते योद्धाहरूको बेहाल छ । उनीहरूलाई जनयुद्धमा सामेल भएर गल्ती गरियो भन्नुपर्ने अवस्थामा प्रचण्ड-बाबुरामले पुऱ्याएका छन् ।

यो परिस्थितिमा नेपालका क्रान्तिकारीहरूले माओवादी आन्दोलनलाई सबै खाले विचलन, पलायनता, विकृति र विसंगतिका विरुद्ध लड्दै नयाँ शिराबाट उठाउनुपर्ने आवश्यकता भयो । त्यसका लागि सबैभन्दा पहिला आन्दोलनमा वर्गघात र राष्ट्रघात गर्नेहरूसँग सम्बन्ध-विच्छेद गर्नुपर्ने थियो । उनीहरू सँगसँगै बसेर क्रान्तिकारी आन्दोलन अगाडि बढ्न सक्दैनथ्यो । नेपालीमा एउटा उखान छ, "कुहिएको आलुले बोराका सबै आलुलाई कुहाउँछ ।" माओवादी आन्दोलनका कुहिएका आलुबाट अलग हुने काम भयो । त्यसैले सहिद र बेपत्ता योद्धाहरूको सपना साकार पार्नका लागि नयाँ क्रान्तिको बाटोमा अघि बढ्न जरुरी छ-एकीकृत जनक्रान्तिको ।

### नेतृत्व

२३ जनयुद्ध दिवस र सहिद सप्ताह मनाइरहँदा नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादको स्थापनाको कुरा गरिराखेको छ । जनयुद्धले स्थानीय सामन्तवादको जरा काटिदियो । केन्द्रीय सामन्ती राजतन्त्रलाई नामेट पारिदियो तर भारतीय र साम्राज्यवाद हैकम हट्न नसेकाका कारण त्यस त्यो स्थान दलाल पुँजीवादले लियो । यो बाह्र वर्षको दौरानमा भएको प्रतिक्रान्ति, प्रतिक्रियावादीहरू गठजोड र चलखेलले गर्दा नयाँ रूपरङमा "लुई पोनापार्टको अठारौं ब्रुमेयर" नेपालमा पनि घट्न सक्दछ । नयाँ रङ्गढङ्गमा देखापरेको प्रतिक्रान्ति, माओवादी आन्दोलनमा देखापरेको विचलन, संशोधनवादको भद्दा आयाम र नयाँ र पुराना प्रतिक्रियावदका विरुद्ध लड्दै नेपाली क्रान्ति सफल पार्ने विचार नै नयाँ र सक्षम नेतृत्व हो । त्यो एकीकृत जनक्रान्ति । प्रचण्ड, बाबुरामले सहिद परिवार र बेपत्ता योद्धा परिवारलाई नेकपासँग सही विचार छैन भन्ने भ्रम फैलाएका छन् । सही कुरा प्रचण्ड, बाबुरामहरूले नयाँ विचारको निर्माण गर्न नसकेका कारण जनयुद्ध विजयसम्म पुग्न नसकेको हो । उनीहरूले विचारलाई समृद्ध गर्नेतिर लागेनन् अथवा सकेनन् ।

सही विचार नै सही नेतृत्व हो । त्यसैले माओले सही विचार र कार्यदिशाको कुरा गर्नुभएको थियो । सही विचार र कार्यदिशाका साथै, त्यसलाई ठीक तरिकाले बुझ्ने, जीवन व्यवहारमा लागू गर्ने व्यक्ति पनि चाहिन्छ । त्यो सही विचारको मुख्य प्रवर्तक जो हो उसलाई नै कार्यान्वयन गर्न पनि सहज हुन्छ । विश्वका सफल र असफल क्रान्तिहरूले यसलाई पुष्टि गरेका छन् । लेनिनले मार्क्सवाद-लेनिनवादको प्रतिपादन गर्नुभयो । उहाँले त्यसलाई विशाल रुस, त्यहाँका जनता र आफ्नै जीवनमा पनि लागू गर्नुभयो । लेनिन विचारक हुनुहुन्थ्यो । संघर्षको नेतृत्व कार्यक्षेत्रमा जमेर गर्नुहुन्थ्यो । साथै त्याग, बलिदान र समर्पणमा पनि समकालीन नेताहरू अग्रपंक्तिमा रहनुभएको थियो । त्यसैले सन् २२ जनवरी १९०५ मा "रक्तमुच्छेल आइतबार" मा भएको भीषण दमन जसमा १ खाल ५० हजार मजदुरले विरोधमा भाग लिएका थिए, उक्त विरोध कार्यक्रममा जारले गोली हानेर ४ हजारको हत्या गरेको थियो र हजारौं घाइते भएका थिए । त्यसले रसियन जनतामा निराशा पैदा गरेको थियो । त्यो निराशालाई लेनिनले आशा र प्रेरणामा परिणत गर्नुभएको थियो । यही अवसर पेरिस कम्युनमा ब्लांकीले पनि पाएका थिए तर सकेनन् नि ।

माओ त्से तुङले चीनमा मार्क्सवाद-लेनिनवादलाई लागू गर्नुभएको थियो । उहाँ पनि लेनिनभन्दा कम हुनुहुन्थेन । उहाँको परिवारले चिनियाँ जनवादी क्रान्तिका ठूलो बलिदान गरेको थियो । माओ जीवन-साथी याङ्काई हुईलाई सन् १९३० अक्टोबरमा च्याङ्काई सेकका सुरक्षा फौजले यातना दिएर सार्वजनिक स्थानमा लागि छोरा माओ एनिङको अगाडि नै झुण्ड्याइएको थियो र एनिङलाई आमालाई गोली हानेको हेर्न बाध्य पारिएको थियो । त्यस समयमा एनिङ केवल ८ वर्षका मात्र थिए । एनिङ र उनका भाइ अर्थात् माओका अर्का छोरा एकिङ दोस्रो विश्वयुद्धमा सोभियत लाल-सेनामा भर्ना भएका थिए । माओ एकिङ पोल्यान्ड लड्न गएका थिए । माओ एनिङ २५ नोवेम्बर १९५० मा कोरिया युद्धका क्रममा उनी सहिद हुन पुगेका थिए । लेनिनले पनि आफ्नो दाजु अलेकजेन्डरलाई जारविरुद्धको संघर्षमा गुमाएका थिए ।

अहिले लेनिन र माओकालीन समयभन्दा निकै फरक छ । अहिलेको सूचना, सञ्चार र प्रविधिको विकासले कुनै पनि सूचना तीव्र रूपमा प्रचार-प्रसार हुन पुग्दछ । भ्रम र यथार्थता सँगसँगै दौडन सक्दछन् । नेपालमा प्रचण्ड र बाबुरामहरूले रोपेको अविश्वास, आशंका अहिले व्याप्त छ । यो शताब्दीमा नेतृत्वको विचारक, योजनाकार, राजनीतिज्ञ, युद्ध कमान्डर, कुशल सेनाको एउटा सशक्त टिम चाहिन्छ । त्यो त्याग, बलिदान, समर्पण, शौर्य पूर्ण पनि हुनुपर्छ । यिनै कुराहरूलाई लिएर मान्छेहरूले भ्रम सिर्जना गरिराखेका छन् । प्रचण्ड र बाबुरामहरूको गद्दारी र आत्मसमर्पणकारी हर्कतले मलजल गरेको छ । यी सबै भ्रमलाई चिर्दै नेपाली क्रान्तिलाई अगाडि बढाउन सके मात्र सहिद, बेपत्ता योद्धा, घाइते योद्धा, जनयुद्धका वास्तविक योद्धा, क्रान्तिकारी जनताको सपना साकार हुन्छ । एकीकृत जनक्रान्तिका अभियन्ताहरूको काँधमा यही गहन जिम्मेवारी आएको छ । काम चुनौतीपूर्ण, जटिल अवश्य छ तर त्यत्ति नै गौरवपूर्ण र सम्भव पनि छ ।

(लेखक सहिद परिवारका सदस्य हुन् ।)

# सुर्खेती क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास


कृष्ण धमला

नेपालको कम्युनिस्ट आन्दोलन २००६ साल तदनुसार १९४९ अप्रिल २२ तारिखमा स्थापनासँगै देशका विभिन्न भागमा प्रभाव र विस्तार हुन सुरु गरेको त सबैलाई जगजाहेर नै छ। नेपाली कम्युनिस्ट आन्दोलन विभिन्न टुटफुट, विभाजन र उतारचढावका बीचवाट गुज्रँदै अगाडि बढ्यो। नेपाल कम्युनिस्ट पार्टीको तेश्रो महाधिवेशनबाट कम्युनिस्ट आन्दोलन विभाजन हुन सुरु भयो। दोश्रो महाधिवेशनसम्म पार्टी एकीकृत नै थियो तर रुसमा कमरेड स्टालिनको मृत्युपश्चात जब खुश्चेबले सर्वहारावर्गको पार्टीलाई हत्याएर र प्रतिक्रान्ति गऱ्यो, त्यसपछि संसारभर कम्युनिस्ट पार्टीहरू दुई धारमा विभाजन भए। एउटा लेनिन र स्टालिनले लिएको बोल्सेभिक क्रान्तिकारी धारा र अर्को खुश्चेबको संसोधनवादी धारा। २० औं पार्टी कांग्रेसको महाधिवेशनमा खुश्चेबले शान्तिपूर्ण संक्रमणको सिद्धान्तलाई अँगालेपछि माओले रुसी पार्टीलाई असहमति जनाएर चिट्ठी लेख्नुभयो, त्यो महान् बहसको नामले चर्चित छ। त्यसपछि चिनियाँ क्रान्तिकारी धारा र रुसी संशोधनवादी धाराको बीचमा कम्युनिस्ट आन्दोलन ध्रुवीकृत भयो। नेपालमा तत्कालीन संशोधनवादी धाराको नेतृत्व तुलसीलाल अमात्यले गरे भने क्रान्तिकारी धाराको नेतृत्व पुष्पलाल र मोहनविक्रमहरूले गरे र तेश्रो महाधिवेशनपछि नेपालको कम्युनिस्ट आन्दोलन विश्रृंखलित भयो र कैयौँ टुक्राटुक्रामा औपचारिक रूपमा विभाजित बन्न पुग्यो। २०२८ सालमा पूर्वमा कोशी प्रान्तीय समिति, को-अर्डिनेसन केन्द्र गठन गरेर झापामा वर्ग सत्रु सफाया अभियानको लाइन लिएर सामन्त र जमिनदारहरूको सफाया अभियान सुरु गरियो। केही क्रान्तिकारी युवाहरूको युवा जोश र स्पिरिट त ठीकै थियो तर क्रान्तिकारी र वैज्ञानिक कार्यदिशाबिना निम्न पुँजीवादी चरित्र र आदर्शबाट प्रेरित भएर आम जनतालाई विचार, राजनीति र संगठित रूपले तयार नगरीकन गरिएको विद्रोह निरंकुश पञ्चायती व्यवस्थाको दमनको अगाडि टिक्न सक्ने कुरै थिएन र टिकेन पनि। अर्कोतिर जेलबाट मोहनविक्रम र निर्मल लामालगायतका नेताहरू रिहाइ भएपछि केन्द्रीय न्युक्लिस बनाएर चौथो महाधिवेशनको तयारीमा लागे। देशव्यापी दौडाहा गरे र २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न भयो। यसले देशव्यापी रूपमा संगठित रूप लिएर गयो। सुर्खेत जिल्लामा पनि कम्युनिस्ट पार्टीको स्थापना कहिले र कुन मितिमा भयो भन्ने कुरा विवादित नै छ। करिब २०३६/३७ सालको जनआन्दोलनपश्चात २०३८/३९ सालमा सुर्खेतमा चौथो महाधिवेशनका तत्कालीन ब्युरो सदस्य प्युठानी नेता क. राममणिको विशेष उपस्थितिमा मोती मिधुनको नेतृत्वमा कृष्ण धमला, केदार कँडेल, चुडामणि शर्मा, डिल्ली उपाध्यायलगायतको जिल्ला संगठन समिति वन्यो। तत्कालीन समयमा प्युठान निवासी जनव्यवसायिक माध्यमिक स्कुल वीरेन्द्रनगरमा अध्यापन गर्ने शिक्षक सिद्धिमानको पनि त्यस जिल्लामा पार्टी विस्तार गर्ने महत्वपूर्ण भूमिका थियो। त्यसपछि हरिभक्त कँडेल, सहिद क. विष्णु पोखेल, चितवन निवासी क. विलासजीहरूको उपस्थिति निरन्तर रूपमा रहयो। सिएमए क्याम्पस सुर्खेतमा अध्यापन गर्ने हेटौंडा निवासी कुमार थापाको पनि पार्टी प्रभाव र विस्तार गर्नमा महत्वपूर्ण योगदान रह्यो। पोष्टबहादुर बोगटी (दिवाकर) ले त्यो क्षेत्रको वर्गसंघर्षको उठान गर्न निरन्तर नेतृत्व गरे।

२०३१ सालमा एउटा चर्चित पोस्टर काण्ड घट्यो र पद्मसिंह नेपाली, केदार कँडेललगायत धेरैको गिरफ्तारी, जेल हिरासत र भागदौडको शृंखला नै चल्यो। २०३५/३६ सालको जनआन्दोलनको सेरोफेरोमा अर्को चर्चित काण्ड भयो सुर्खेतको पूर्वी वेल्टका जनताहरू आफ्ना मागहरू लिएर शान्तिपूर्ण ढंगले वीरेन्द्रनगर आउँदै गर्दा दशरथपुर कृषि फार्ममा पुगेपछि दशरथपुर निवासी तत्कालीन जिल्ला विकास समितिका सभापति पञ्च तुलसीप्रसाद शर्माको आदेशमा गोली चलाइयो र ६ जनाको हत्या भयो जब कि त्यो बेला जनमत संग्रहको घोषणा भइसकेको थियो जनमत संग्रहको घोषणापश्चात गोली चलाइएको पहिलो जिल्ला सुर्खेत मात्रै थियो। २०३५/३६ को जनआन्दोलनपश्चात जिल्लामा पार्टी विस्तार गर्न निकै प्रतिस्पर्धा चल्यो। २०३५/३६ को आन्दोलनपश्चात केन्द्रीय विद्यार्थी आन्दोलनमा क. धर्मेन्द्र बास्तोला पनि होमिनु भयो। २०३९/४० सालतिर विद्यार्थी सम्मेलन र प्रशिक्षण गर्ने क्रम तीव्र गतिमै भएको छ। त्यसै सिलसिलामा तत्कालीन विद्यार्थी नेताहरू निमकान्त पाण्डे, पम्फा भूसाल, बलराम बास्कोटा, लेखराज भट्ट, हरि अधिकारी, चक्रपाणी लम्साल र विष्णु खनाललगायतका विद्यार्थी नेताहरूले जिल्ला दौडाहा लगाएका थिए। पार्टीभित्र त्यतिबेला पण्डित्नी प्रकरणको कारण दुईलाइन संघर्षको सुरुआत हुन्छ र २०४१ सालको महाधिवेशनमा जाँदा दुईवटा दस्तावेज प्रस्तुत हुन्छन्, एउटा मोहनविक्रम सिंहले मध्यपन्थी कमजोरीबारे र अर्को मध्यपन्थी कमजोरी कि गल्तीको ढाकछोप भन्ने किरणद्वारा प्रस्तुत दस्तावेज। पाँचौं महाधिवेशनको लागि देशैभरी जिल्ला सम्मेलनहरू भए र महाधिवेशन भारतको अयोध्यामा भएको थियो। त्यतिबेला सुर्खेतबाट कृष्ण धमला, मोती मिधन र चूडामणि शर्माको प्रतिनिधित्व थियो। १३/१४ दिन चलेको त्यो महाधिवेशनमा अन्ततः किरणद्वारा प्रस्तुत दस्तावेज पारित भयो र मोहनविक्रम महाधिवेशन हलबाटै गलहत्याइए र पार्टी भित्रभित्र विभाजनतर्फ उन्मुख भइसकेको थियो र एक वर्ष नपुग्दै २०४२ सालमा औपचारिक रूपमा मोटो मशाल र पातलो मसालको रूपमा पार्टी विभाजित भयो। मोहनविक्रम सिंहले १ वर्ष नपुग्दै औपचारिक रूपमा पार्टी विभाजन भएको घोषणा गरे र उनलाई कार्वाही गर्दै २०४२ सालमा विस्तारित बैठकको आयोजना गरेर मोहनविक्रम सिंहमा व्यक्तिवादी अराजकतावादी प्रवृत्ति भएको संश्लेषण गऱ्यो। सुर्खेत जिल्लाबाट उक्त विस्तारित बैठकमा केदार कँडेलले प्रतिनिधित्व गरेका थिए, सुरुमा उनी संस्थापन पक्षतिर भएको नाटक गरे तर उनको सम्बन्ध र प्रवृत्ति चूडामणि शर्मासँग नजिक भएकाले उनी उतै लाग्छन् भन्ने आँकलन गरेका थियौं नभन्दै त्यो सत्य प्रमाणित पनि भयो।

त्यसपछि सुर्खेत जिल्लामा पनि फुट र विभाजन भयो र समितिको बहुमत अल्पमततिर गयो भने सिर्फ कृष्ण धमला मात्रै एकजना बहुमत पक्षमा रहे। कृष्ण धमलाको सेक्रेटरीमा केही समय एकल नेतृत्व बनाएर पार्टी कामलाई अगाडि बढायो। २०४५/४६ को जनअन्दोलनपश्चात देशमा अलि बढी खुकुलो परिस्थिति पैदा भयो र दलहरूका चलखेलहरू तीव्र भएर गए। आ-आफ्ना पार्टीका कार्यक्रमहरू गर्न त्यो बेला विविध दलहरूका बीचमा प्रतिस्पर्धा र होडबाजी नै चल्यो। २०४६ सालपछि विकेश श्रेष्ठको विशेष उपस्थितिमा क. मंगल विकको घरमा सेक्रेटरी कृष्ण धमलाको नेतृत्वमा क. मंगल विक र भद्र गुरुङ्गसहितको ३ सदस्यीय जिल्ला संगठन समिति बन्यो। जनआन्दोलनलाई राजा,कांग्रेस र वाम मोर्चाको साँठगाँठमा चैत २४ गते सम्झौता गरेर बीचमा तुहाइयो। संयुक्त राष्ट्रिय जनआन्दोलन जसमा ५ घटकहरू थिए, त्यसले सो सम्झौताको विरोध गऱ्यो, आफ्नो संघर्षलाई जारी राख्यो र देशैभरि संयुक्त राष्ट्रिय जनआन्दोलनको नामबाट सम्झौताको भण्डाफोर गर्दै आम सभाहरू सम्पन्न हुन थाले। सुर्खेतमा पनि सं.रा.ज. आन्दोलनको आमसभा राखिएको थियो, सुर्खेतमा अस्तित्वमा रहेका दुईवटा घटकहरू मशाल/मसालको संयुक्त कार्यक्रम बन्यो, सिनियर नेताको रूपमा सिपी गजुरेल आएको हुनाले उनी नै अन्तिम वक्ता बन्ने कुरा तय भयो, त्यो कुरानै मसालहरूलाई पचेको थिएन। प्रमुख वक्ताले बोल्दा बोल्दै गर्दा मसालका जिल्ला नेताहरूले होहल्ला गर्न खोजे तर असफल भए त्यो कार्यक्रममा खुसीराम पाख्रीनको सांस्कृतिक टिम गएको थियो, पाख्रीनको एउटा देशभक्ति गीतले सबैलाई मन्त्रमुग्ध बनाएको थियो। कांग्रेस र एमालेहरूले संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको वकालत गर्दै संसारको उत्कृष्ट संविधानको प्रचार गर्न थाले। भर्खर पञ्चायती व्यवस्था ढलेर सबै चीजको हल यही व्यवस्थाले नै गर्छ भनेर संसद्वादीहरूले जनतामा भ्रम फैलाउने षड्यन्त्र बढेर गयो त्यो भ्रमलाई चिर्न र क्रान्तिको लक्ष्य र उद्देश्यमा अगाडि बढ्नका लागि क्रान्तिकारीहरूको कमजोर शक्तिबाट मात्र सम्भव थिएन। त्यसकारण मालेमावाद मान्ने, नयाँ जनवादी क्रान्तिको न्यूनतम कार्यदिशामा सहमत हुने र महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई प्रस्थान विन्दु बनाउनुपर्ने कुरालाई आधार वनाएर पार्टी एकताको प्रक्रियालाई अगाडि वढाउने मान्यताका साथ ४ वटा पार्टीहरू ने.क.पा. (मशाल), ने.क.पा.(चौम), सर्वहारावादी श्रमिक संगठन र ने.क.पा. (मसाल) विद्रोही पक्ष र रूपचन्द्र बिष्टको पार्टी बाट विद्रोह गरेको एउटा सानो हिस्सासहित गरेर २०४७ सालमा पार्टी एकता संयोजन समिति बन्यो। पार्टी एकता संयोजन समिति सुर्खेत जिल्लामा क्रियाशील भएर गयो। पश्चिम क्षेत्रीय कमान्डको जिम्मा पोस्टबहादुर बोगटी (दिवाकर) लाई त्यो क्षेत्रको जिम्मा दिएपछि फेरि कामहरू व्यवस्थित ढंगले अगाडि बढे र सुर्खेत जिल्लाको समिति पुनर्गठन गर्दै पुनः कृष्ण धमलाको सेक्रेटरीमा मंगल विक, भद्र गुरुङ्ग, लोकप्रसाद पन्त, चित्रबहादुर चौधरीसमेतको जिल्ला संगठन समिति बन्यो र विविध कार्यक्रमलाई अगाडि बढाउँदै लग्यो। जिल्लामा भएका साथीहरू आ-आफ्नो पेशा व्यवसायमा भएकाले पार्टी कामको चापले गर्दा धान्ने स्थिति बनिरहेको थिएन। त्यसैले काठमाण्डौमा विद्यार्थी संगठनलगायतको जिम्मेवारीमा रहनुभएका क. धर्मेन्द्र बास्तोलालाई पार्टी केन्द्रसँग सल्लाह गर्दै सुर्खेत जिल्लामा स्थानान्तरण गर्ने काम भयो र पार्टीका कामहरू गतिमा जान थाले। ने.क.पा. (एकता केन्द्र) को राष्ट्रिय एकता महाधिवेशनका लागि जिल्ला-जिल्लामा सम्मेलन गर्ने तय भएअनुरूप सुर्खेत जिल्लामा पनि पहिलो जिल्ला सम्मेलनको तयारीका कामहरू सुरु भयो। २०४८ सालमा क. किरणको प्रमुख आतिथ्यतामा र विशेष उपस्थितिमा हरिभक्त कँडेल थिए। जम्मा २० जनाको प्रतिनिधित्व भएको त्यो सम्मेलनले क. धर्मेन्द्र बास्तालोको सेक्रेटरीमा ५ सदस्यीय जिल्ला समिति चयन गऱ्यो। उक्त सम्मेलन तत्कालीन वीननपा १ नं स्थित तीनकुने आम्डाली खोला नजिकै एकजना किसानको घरमा सम्पन्न भएको थियो। सदस्यहरूमा कृष्ण धमला, मंगल विक, लोकप्रसाद पन्त र भद्र गुरुङ्गहरू चयन भए। सम्मेलनले बहुमतको दस्तावेजको लाइन गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धको लाइनलाई समर्थन गऱ्यो र महाधिवेशनको प्रतिनिधिमा क. धर्मेन्द्र बास्तोला, कृष्ण धमला, मंगल विक र लोकप्रसाद पन्त चयन भए र महाधिवेशन प्रतिनिधिमा धर्मेन्द्र बास्तोला, कृष्ण धमला, मंगल विक र लोकप्रसाद पन्त गरी ४ जनालाई प्रतिनिधित्व गर्ने निर्णय गऱ्यो। संयुक्त जनमोर्चा नेपालको जिल्लाको अध्यक्षमा क. धर्मेन्द्र बास्तोला र सचिवमा लोकप्रसाद पन्तलाई चयन गर्ने निर्णय गऱ्यो र सं.ज.मो.का वैधानिक कार्यक्रमहरू निरन्तरतामा अगाडि बढे। राष्ट्रियता, जनतन्त्र र मागहरू लिएर सडक संघर्षका कार्यक्रमहरू सशक्त किसिमले संचालन भए। जिल्लामा एउटा अवलचिङ्ग सांस्कृतिक परिवार पनि गठन भयो र त्यो जनयुद्धको पहलसम्म निरन्तर क्रियाशील भयो। राष्ट्रिय एकता महाधिवेशन सम्पन्न भयो त्यसले सहरबाट गाउँ घेर्ने दीर्घकालीन जनयुद्धको लाइन बहुमतद्वारा पारित गऱ्यो। २०५० सालतिर जिल्लामा सुर्खेत पोष्ट साप्ताहिक पत्रिका प्रधान सम्पादक क. धर्मेन्द्र बास्तोलाको नामबाट पत्रिका संचालनमा आयो। त्यसले पनि क्रान्तिकारी विचारलाई र प्रारम्भिक वर्गसंघर्षका कार्यक्रमहरूलाई स्थापित गर्न ठूलै भूमिका खेल्यो। २०५०/२०५१ र जनयुद्ध सुरु हुनुभन्दा अघिसम्म शिक्षा क्याम्पस, बहुमुखी क्याम्पसहरूमा विद्यार्थीसँग अन्तरक्रिया, छलफल, बहस र संगठन निर्माणका अभियानहरू तीव्र रूपले चलेका थिए। कलेजका विद्यार्थीहरूका पिकनिक कार्यक्रमहरू पनि गरिए र छोटै समयमा स्व.वि.युमा हाम्रो विद्यार्थी संगठनले प्रतिस्पर्धा पनि गऱ्यो।

२०५१ सालतिर अवलचिङ्ग सांस्कृतिक परिवारले जिल्लाव्यापी रूपमा सांस्कृतिक र भण्डाफोर अभियान चलायो, विशेष गरेर पूर्वी भेरी बेल्टमा। त्यो सांस्कृतिक टिममा हिमाल, दान सिंङ्ग, शंकर नेपालीलगायतको भाइबहिनीहरूको सशक्त टोली थियो, जसलाई नेपालगंजका डान्स कलाकारले सुर्खेत भ्यालीभित्र तीनकुनेको एउटा किसानको घरमा राती राती महिनौं लगाएर तालिम दिएका थिए। पूर्वी भेरी बेल्टमा भरत प्रसाईं र चित्रबहादुर वली धेरै सक्रिय थिए। एउटा रोचक सांस्कृतिक अभियानको घटना पूर्वी भेरी बेल्टको धेरै ठाउँको कार्यक्रमहरू सकेर रामघाटको चित्रबहादुर वलीको घर नजिकैको स्कुलमा सांस्कृतिक कार्यक्रम राखिएको थियो। कार्यक्रमको मध्यभागतिर एमालेका कार्यकर्ताहरूले जाँडरक्सी खाएर आक्रमण गरे र माइकलगायत वाद्यवादनका सामानहरू तोडफोड गरे र चित्रबहादुर वलीलाई लड्न आइज भनेर खुल्ला हाँक दिइरहेका थिए जब कि चित्रजी उनीहरूकै बीचमा उभिरहनुभएको थियो तर उहाँलाइ केही गर्न सकिरहेका थिएनन्, अरू सबै भागाभाग गरे र मैले एम्पिलीफायर र ब्याट्री हुलहालको बीचवाट जोगाएको थिए। ब्याट्रीको एसिड मेरो नयाँ पैन्टमा पोखिएर काम नलाग्ने भएको थियो। त्यो घटनालाई लिएर सं.ज.मो.ले अदालतमा मुद्दा दायर गऱ्यो र करिब एक डेढ वर्षपछि सं.ज.मो.को पक्षमा फैसला गरेको थियो। २०५१ र २०५२ को वर्षेभरी सं.ज.मो.को तर्फबाट आन्दोलनका कार्यक्रमहरू घोषणा भयो र जिल्लामा ती सबै कार्यक्रमलाई सम्पन्न गरिए र सांस्कृतिक कार्यक्रमअन्तर्गत केन्द्रीय सामना परिवार र स्थानीय सांस्कृतिक टिमको संयुक्त रूपबाट टिकट सो कार्यक्रम भव्यरूपमा सफल भएका छन्। एकाध कार्यक्रममा मणि थापा पनि सहभागी भएका थिए। कलाकार कन्हैया सिंह परियार र अञ्जना गुरुङ्गहरूले समग्र भेरी-कर्णाली क्षेत्रको र सुर्खेतको सांस्कृतिक अभियान र टिकट सो कार्यक्रम र त्यहाँको आन्दोलन र वर्गसंघर्षलाई नयाँ उचाइमा उठाउन अग्रणी भूमिका खेलेका थिए। महान् जनयुद्धको पहलकदमीको सन्दर्भमा रोल्पा, रुकुम, जाजरकोट, सिन्धुलीलगायतका अग्रभागका जिल्लाहरूमा सामन्त र जाली फटाहाका विरुद्ध वर्गसंघर्ष सुरु भइसकेको थियो र लडाकु टिमहरूले सेनाको भ्रुणको रूपमा विकास गरिरहेका थिए र त्यसका तालिम प्रशिक्षणहरू देशैभरी संचालन र व्यवस्थापन भइरहेका थिए।

सुर्खेत जिल्लामा पनि एक हप्ते तालिम रामघाटस्थित चित्रकै घर नजिकैको बारीमा केन्द्रीय लडाकु टिमको बर्दियाको चौधरी साथीले गराउनुभयो र क्याम्पिङ्ग बाहिरै बारीमै गरेका थियौं, जे होस्, कुनै वाधा-व्यवधान उक्त कार्यक्रम सम्पन्न भएको थियो। पार्टीभित्र दुईलाइन संघर्ष तीव्र भइरहेको थियो र अब पार्टी विभाजनतर्फ उन्मुख भइरहेको थियो। सुर्खेत जिल्लामा दुईलाइन संघर्षको प्रभाव थिएन। २०५१ को तेश्रो विस्तारित बैठकपछि सेक्रेटरी क. धर्मेन्द्र बास्तोला अन्तर्राष्ट्रिय विभागको जिम्मेवारीमा जाने निर्णय भएपछि पुनः कृष्ण धमला सेक्रेटरीमा रहनेगरी पार्टी पुनर्गठन भयो। जनयुद्धमा जाने या नजाने दुईलाइन संघर्षले उत्कर्ष रूप लिएपछि निर्मल लामाहरू पार्टीबाट अलग भए र २०५१ म चितवनमा राष्ट्रिय सम्मेलन सम्मेलन सम्पन्न भएपश्चात सुर्खेत जिल्लामा क. पूर्णा सुवेदीको सेक्रेटरीमा पार्टी पुनर्गठन भयो। यसै साल जिल्लाको बैठक र प्रशिक्षण हात्तीखाल भन्ने ठाउँमा भयो। उक्त बैठक र प्रशिक्षण कार्यक्रममा केन्द्रको तर्फबाट क. दण्डपाणि शर्माको प्रमुख उपस्थिति थियो। स.ज.मो. पनि पुनर्गठन भयो र अध्यक्षमा विष्णु खनाल भए। २०५२ साल फागुन १ गते महान् जनयुद्धको शंखघोष भयो र तत्कालीन सरकारले भीषण किलो सेरा टु अप्रेसनले भीषण दमन गऱ्यो र लगत्तै जिल्लामा पार्टीको पुनर्गठन भएर २०५२ सालमा सहिद क. विष्णु पोखेल सेक्रेटरी हुनुभयो र सं.ज.मो. पनि पुनर्गठित भएर क. पूर्णा सुवेदीलाई अध्यक्ष बनाउने निर्णय गऱ्यो। २०५४ सालको माघ महिनामा सुर्खेत-दैलेख-जाजरकोट जिल्लालाई मिलाएर एउटै जिल्ला बनाएपछि संयुक्त जिल्लाको सेक्रेटरी भक्तबहादुर शाह (उद्धव) भए भने इन्चार्जमा शक्तिबहादुर बस्नेत (सुरेश सिंह) भए। २०५४ साल चैत २७ गते लेखफार्साको लेकमा गणेश न्यौपाने र डिला थापाको हत्या भयो र सुर्खेत जिल्लाको प्रथम सहिद क. गणेश न्यौपाने हुनुभयो।

२०५५ सालको भदौमा पुनर्गठन भएर सुर्खेत-दैलेखको संयुक्त जिल्ला बनेपछि इन्चार्ज शक्ति बस्नेत र सेक्रेटरी मायाप्रसाद शर्मा (आयाम) भए भने अन्य सदस्यहरूमा कृष्ण धमला, प्रकाश सुवेदी, ऋषिराज गौतम, पूर्णा सुवेदी, चित्र वली, डम्बर रावत, उदय चलाउने, सत्य पहाडी, गुमान सिं राना, सत्यदेव शर्मा, पूर्णप्रसाद शर्मा र सोही मंसिर महिनामा झकबहादुर मल्ल, वीरबहादुर खड्का र नरबहादुर बिष्टलगायत थप भए। २०५५ सालमा ने.क.पा.(मसाल) का सचिव ऋषि गौतमको नेतृत्वमा विद्रोह गरेर ने.क.पा. (माओवादी) मा समाहित हुन आइपुगे।

दोश्रो राष्ट्रिय सम्मेलनपछिको जिल्लाको संगठनात्मक स्थिति

पार्टीको ऐतिहासिक दोश्रो राष्ट्रिय सम्मेलनपछिपश्चिम क्षेत्रीय ब्युरोअन्तर्गत भेक क्षेत्रीय उपब्युरोको निर्णयअनुसार २०५७ चैतमा सुर्खेत र दैलेख जिल्लालाई अलग अलग जिल्ला समिति बनाउने निर्णयअनुसार जिल्लामा इन्चार्ज क. सरला रेग्मी (अनु) र सेक्रेटरीमा ऋषि गौतम (राहुल) भएको ११ सदस्यीय जिल्ला समिति बन्यो। यो समितिले जिल्लामा पार्टीको विकास र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेल्यो र पुनः २०५९ कार्तिकमा पार्टी पुनर्गठन भएर ऋषि गौतम (राहुल) इन्चार्ज र सेक्रेटरी रामदीप आचार्यको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति निर्माण भयो। २०६० सालको असारमा इन्चार्ज ऋषि गौतम (राहुल) र सेक्रेटरी झकबहादुर मल्ल (सुदीप) को नेतृत्वमा ३५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो र सेक्रेटरी झकबहादुर मल्ल (सुदीप) जनमुक्ति सेनामा स्थानान्तरण भएपछि सोही सालको माघमा इन्चार्ज ऋषि गौतम (राहुल) र सेक्रेटरीमा विन्दमान बिष्ट (रविकिरण) को नेतृत्वमा ५१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। २०६२ सालमा चुनबाङमा पार्टीको विस्तारित बैठक भयो र पार्टीको सुदृढीकरण अभियान भन्दै विवादास्पद कार्यनीति लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक लाइन पास गरियो। त्यसपछि २०६२ मंसिरमा इन्चार्ज नारायण दाहाल (सरल) र सेक्रेटरी ऋषि गौतम (राहुल) को नेतृत्वमा १९ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। चुनबाङको लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिअनुसार संसद्वादी दलहरूसँग संयुक्त मोर्चा गर्ने नीति पार्टीले लियो भने संसद्वादी दलहरूको आन्दोलनले गति लिइरहेको थिएन। आ-आफ्नो ठाउँबाट ज्ञानेन्द्रको निरंकुशताका विरुद्ध संघर्ष गर्ने समझदारीअनुसार पछि मात्र २०६२/६३ को जनआन्दोलनले उत्कर्षको रूप लिँदै गयो र संसद्वादी दलहरूसँग भारतमा विवादास्पद १२ बुँदे समझदारी भएपछि जनयुद्धको जगमा १९ दिने आन्दोलनले २४० बर्से राजतन्त्र गल्र्यामगुर्लुम ढल्यो।

२०६२/६३ को जनआन्दोलनपश्चात २०६३ मंसिरमा इन्चार्ज कृष्ण धमला (गम्भीर) र सेक्रेटरी भीमबहादुर मल्ल (सुवास) को नेतृत्वमा ६१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। २०६३ सालको साउनको महिनामा बालाजुमा पाँचौं विस्तारित बैठक भयो र दुईलाइन संघर्षको बीउ यहाँबाटै सुरु भएको थियो। प्रचण्डको विरुद्ध पहिलो पटक कार्यशैलीको बारेमा क. विप्लवले आवाज उठाउनुभयो र प्रचण्डले यो विस्तारित बैठकमा प्रस्तुत गरिएको दस्तावेज सुरक्षाको कारण भन्दै तल्ला समितिमा जान रोकेका थिए। २०६४ सालको भदौ महिनामा इन्चार्ज कृष्ण धमला (गम्भीर) र सीता नेपाली (रक्षा) को नेतृत्वमा ७५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। २०६४ सालको पुसमा संविधानसभा निर्वाचनको प्रयोजनका लागि संयोजक ऋषि गौतम (राहुल) र सेक्रेटरीमा कृष्ण जि.सि. (जितेन्द्र) को नेतृत्वमा १७५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो र सुर्खेतमा संविधानसभाको चुनावको पक्षमा व्यापक लहर सृजना भयो तर केन्द्रबाट बितरण गरिएको टिकटमा केही पात्र र प्रवृत्तिहरूले षड्यन्त्र गरे र त्यसको असर जनता तहसम्म पऱ्यो र अपेक्षित सफलता हासिल हुन सकेन। यसै संविधानसभाको चुनावको पूर्व-सन्ध्यामा ने.क.पा.(एमाले) बाट देवेन्द्र बिसी, चक्रपाणि शर्मा, माधव ढकाललगायतको नेतृत्वमा विद्रोह गरेर ने.क.पा. (माओवादी) मा समाहित हुन आइपुगे। २०६५ सालमा ने.क.पा. (माओवादी) र तत्कालीन एकता केन्द्र मसालसँग पार्टी एकता भएपछि इन्चार्ज/सेक्रेटरी कृष्ण धमला (गम्भीर) को नेतृत्वमा पार्टी पुनर्गठन भयो। त्यतिबेला एउटा रोचक घटना घट्यो। नेतृत्वले इन्चार्जमा कृष्ण धमलालाई प्रस्ताव गऱ्यो भने सेक्रेटरीमा ७/८ जनालाई पालैपालो प्रस्ताव गरियो तर सेक्रेटरी कोही पनि हुन मानेन र अन्तमा इन्चार्ज/सेक्रेटरी दुवै पदमा कृष्ण धमलालाई नियुक्ति गरिएको थियो यो सुर्खेत जिल्लाको इतिहासमा एउटा नयाँ आयाम थियो। २०६६ साल माघ २६ गतेका दिन ऋषि गौतम (राहुल) को रहस्यमय ढंगले कांक्रेविहार यातायात समितिको बसले किचेर उहाँको हत्या भयो। २०६६ सालको जेठ महिनामा इन्चार्ज कृष्ण धमला, सहइन्चार्ज कृष्ण जिसी, सीता नेपाली, बालाराम सुनार सेक्रेटरी भीमबहादुर मल्ल र सह-सेक्रेटरी जितबहादुर राना रहेको २११ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। राष्ट्रपति रामवरण यादवले नागरिक सर्वोच्चताका विरुद्ध असंवैधानिक कदम चालेपछि माधव नेपालको सरकारको विरुद्ध सडक आन्दोलनको सुरुआत भयो, यसको उत्कर्षमा २०६७ साल वैशाख १८ देखि २४ सम्म ६ दिने आम हडतालमा सदरमुकाम वीरेन्द्रनगरमा १० औं हजार जनसमुदायको दैनिक प्रदर्शनको नेतृत्व गऱ्यो।

पार्टीले अब विद्रोहको नेतृत्व लिनुपर्ने कुरामा पार्टीभित्र संघर्ष चलिरहेको अवस्थामा विद्रोहको रिहर्सलको रूपमा यो सडक संघर्षलाई अगाडि बढाइएको थियो, प्रचण्डले आँखामा छारो हाल्नको लागि नौटंकीस्वरूप यो सडक संघर्षको मञ्चन गरेका थिए र यथार्थमा केन्द्रीय सत्ता कब्जा गर्ने कि नगर्ने भन्ने विषयमा पार्टीभित्र दुईलाइन संघर्ष तीव्र बनिरहेकै अवस्थामा २०६५ सालको मंसिरमा राष्ट्रिय भेलाको आयोजना भयो र त्यो भेला दुईलाइन संघर्षको उत्कर्षमा पुग्यो र भेलामा प्रचण्ड र किरणबाट छुट्टा-छुट्टै दुईवटा दस्तावेज प्रस्तुत भए। प्रचण्ड लोकतान्त्रिक गणतन्त्र अर्थात् संसदीय व्यवस्थाभन्दा बाहिर नजाने उनको लाइन थियो तर किरणको लाइन विद्रोहमार्फत जनवादी क्रान्ति पूरा गर्नुपर्ने तर्कले बहसले तीव्र रूप लियो। अन्ततः प्रचण्ड पछाडि हटे र सम्झौता गर्न पुगे र सम्झौताको दस्तावेज निर्माण भयो।

नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिनको लागि अब पुरानो कार्यनीति पूरा भइसकेको सन्दर्भमा अब नयाँ कार्यनीतिको विकास गर्नुपर्छ भन्ने कुरामा पार्टी दुईलाइन संघर्षले तीव्र रूप लियो र २०६७ साल मंसिर महिनामा गोर्खाको पालुङ्टारमा छैठौं विस्तारित बैठकको आयोजना भयो। पालुङ्टारमा ३ वटा दस्तावेजहरू प्रस्तुत भए प्रचण्ड,किरण र बाबुराम भट्टराईबाट। १ हप्तासम्म बहस भयो र कुनै पनि दस्तावेजहरू पारित हुन सकेनन्। हेडक्वार्टरबाट प्रस्तुत भएको दस्तावेज पारित नभएको सायद विश्वकै कम्युनिस्ट आन्दोलनमा यो नै पहिलो घटना थियो। त्यतिबेलासम्म जनमुक्ति सेना नेपाल विघटन भइसकेको थिएन र क्रान्तिकारीहरूको मुख्य दायित्व ज.मु.से. लाई कसरी बचाउने भन्ने एउटै उद्देश्य रह्यो र त्यसअनुसार किरणले पेश गरेको जनयुद्धको जगमा जनविद्रोको लाइनलाई अगाडि सारिएको थियो र पालुङ्टारको विस्तारित बैठकपछि जिल्लामा सिङ्गो पार्टी विभक्त हुन पुग्यो, एउटा प्रचण्डको दक्षिणपन्थी लाइन र अर्को किरणको लाइन। किरणको लाइनमा तत्कालीन पिविएम क. धर्मेन्द्र बास्तोला, जिल्ला इन्चार्ज कृष्ण धमला, मंगल वि.क.लगायतको ठूलो टिम क्रान्तिकारी लाइनमा उभियो भने प्रचण्डको दक्षिणपन्थी लाइनमा कृष्ण जिसी, भीमबहादुर मल्ल, सीता नेपालीलगायतको टिम खडा भयो। विस्तारित बैठकको म्यान्डेटअनुसार केन्द्रीय समितिको बैठकले जनयुद्धको जगमा जनविद्रोहको लाइन पास गऱ्यो।

तर छिट्टैप्रचण्ड-बाबुरामको लाइन संविधानसभामार्फत् संविधान निर्माणको लाइनमा उभिए र जनयुद्धको जगमा जनविद्रोहको लाइन यथार्थमा उनको नौटंकी मात्र थियो भन्ने कुरा छर्लङ्गै हुन धेरै समय लागेन। र, अब पार्टीभित्र दुईलाइनले चर्को रूप लिँदै गयो र प्रचण्डलाई रूपान्तरण गर्ने सम्भावना क्षीण हुँदै गएपछि पार्टीमा अब नयाँ ढंगले सोच्नुपर्छ भन्ने कुरामा बहस तीव्र बनेर गयो र पार्टीभित्र पार्टीको समानान्तर समितिको अवधारणालाई अगाडि बढाइयो। २०६८ साल फागुन महिनामा पार्टीको सुर्खेत जिल्लास्तरीय भेला मैनतडा गाविसमा प्रमुख अतिथि क. विप्लव र अन्य कमरेडहरू हरिभक्त कँडेल, पारसमणि र रणवीरको उपस्थितिमा भेला सम्पन्न भयो। सो भेलाले इन्चार्जमा क. गम्भीर, सह-इन्चार्जमा क. हिमाल र सेक्रेटरीमा ठम्मर बिष्ट (संगीन) रहेको क्रान्तिकारी विचार समूहको समानान्तर जिल्ला समिति घोषणा भयो। तत्कालीन बाबुराम भट्टराईको सरकारले मधेसवादी दलहरूसँग ४ बुँदे राष्ट्रघाती सम्झौता, जनमुक्ति सेनाको विघटन, बिप्पा सम्झौता, सुपुर्दगी सन्धि, सुकुमबासी वस्तीमा डोजर लगाउने र ऐतिहासिक पहिलो संविधानसभालाई विघटन गर्ने वर्गीय आत्मसमर्पणवादी कदमका कारण र प्रचण्डको राष्ट्रिय आत्मसमर्पणवादी विचलनले गर्दा २०६९ साल असार २-४ सम्म काठमाण्डौको बौद्धमा राष्ट्रिय भेलाबाट पार्टी विभाजन भएर ने.क.पा.-माओवादीको पुनर्गठन भयो।

ने.क.पा.-माओवादीको पुनर्गठनपश्चात २०६९ साल साउनमा जिल्ला पुनर्गठन भएर इन्चार्जमा क. मंगल वि.क., सह-इन्चार्ज बालाराम सुनार, सेक्रेटरीमा ठम्मर बिष्ट, सह-सेक्रेटरीमा प्रशान्त आरसी र खड्क बास्पाने रहेको २३१ सदस्यीय रहेको जिल्ला संगठन समिति निर्माण भयो भने २०६९ असोजमा क. धनबहादुर वि.क., सह-इन्चार्जमा थप भए। जिल्ला संगठन समितिले २००० भन्दा बढी पार्टी सदस्यता नवीकरण गरेर ज.व.स./मोर्चाका जिल्ला भेला र सम्मेलनमार्फत संगठन निर्माणका कामहरू तीव्र रूपमा भएर गए। सातौं राष्ट्रिय महाधिवेशनका लागि २०६९ साल कार्तिक ८ र ९ गते जिल्ला अधिवेशन सम्पन्न भयो। २०६९ साल मंसिर १० र ११ गते सुर्खेतमै राज्य अधिवेशन सम्पन्न भयो भने प्रमुख अतिथिमा देव गुरुङ्गको उपस्थिति रहेको थियो। राज्य अधिवेशनले प्रतिनिधि र पर्यवेक्षकको चयन गऱ्यो। महाधिवेशन प्रतिनिधि १० र पर्यवेक्षक २१ जनाको छनौट पनि भयो र २०६९ माघमा इन्चार्ज मंगल वि.क.लाई केन्द्रीय जवसमा पठाउने निर्णयअनुसार उहाँको ठाउँमा क. बालाराम सुनारलाई इन्चार्जको जिम्मा दिने निर्णय भयो।

ठम्मर बिष्ट (संगीन) मा विचलन आएर माकेमा प्रवेश गरेपछि २०६९ साल चैत १३ गते प्रशान्त आरसीलाई सेक्रेटरीमा चयन गऱ्यो भने २०७० साल वैशाखमा जेबी सुनारलाई सह-इन्चार्जमा थप गर्ने निर्णय गऱ्यो। संसद्वादी दलहरूले प्रधानन्यायाधिस खिलराज रेग्मीको नेतृत्वमा विशेषतः प्रचण्डको योजनामा दोश्रो संविधानसभाको घोषणा गरियो र संसद्वादीहरूले भन्ने गरेको शक्ति पृथकीकरणको सिद्धान्तको कुरालाई राम्रैसँग धज्जी उडाए र हामीले दोश्रो संविधानसभाको चुनाव जनतालाई अधिकारविहीन बनाउने देसी-विदेशी र साम्रज्यवादी षड्यन्त्रका विरुद्ध बहिष्कार गर्ने नीतिलाई अगाडि साऱ्यो र १० दिने यातायात हडतालको घोषणा पनि भयो। २०७० साल साउन महिनामा इन्चार्ज चक्रपाणि शर्मा, सह-इन्चार्ज धनबहादुर वि.क., जे.वि.सुनार, खगेन्द्र राना, दान सिं सुनार र सेक्रेटरीमा प्रशान्त आर.सी., सह-सेक्रेटरी ईश्वरभक्त सुनार, माधव ढकाल र खडक वि.क. रहेको २३१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो। कथित दोश्रो संविधानसभाको भण्डाफोर र सडक संघर्षको कार्यक्रमहरू निर्दलीय सरकारका विरुद्ध कार्यक्रमहरू केन्द्रित भयो। बहिष्कार आन्दोलन सशक्त बन्दै जाँदा त्यसबाट आतंकित भएर सह-इन्चार्ज दान सिं सुनार र सह-सेक्रेटरी खडक वि.क. पार्टीबाट पलायन भएर गए।

पार्टी सुदृढीकरण कार्यक्रमअन्तर्गत पार्टी सदस्यता नवीकरण, वडा, गाउँ र नगर भेलामार्फत पार्टीलाइ सुदृढ गर्ने अभियान संचालन भयो र यसै समितिलाई १६१ सदस्यीय जिल्ला सम्मेलन आयोजक समितिमा बदल्दै २०७० साल चैत १५ र १६ गते तेश्रो जिल्ला सम्मेलन सम्पन्न भयो। सम्मेलनले चक्रपाणि शर्माको सेक्रेटरी भएको जिल्ला समिति निर्माण गऱ्यो।

वर्ष ३, अङ्क ३७, पूर्णाङ्क १३२
रातो खबर साप्ताहिक

# शिक्षक र शिक्षाको गुणस्तर



■ लालबहादुर विसी

शिक्षक र शिक्षाबीच आयोन्याश्रित सम्बन्ध हुन्छ । एउटा शिक्षकले समाज, प्रकृति र विज्ञान प्रविधिमा आएको परिवर्तनअनुसार नयाँ सोच र चिन्तन बनाउन जरुरी हुन्छ । आज हामी विज्ञान प्रविधि, ग्लोबल अवस्था र आइटीको विकासले विश्वसँग अभिन्न हुँदै छौं । आजको शिक्षकले नयाँ दर्शन दृष्टिकोणअनुसार सिक्ने, सोच्ने, पढ्न लेख्न र पढाउन सिक्नुपर्दछ । शिक्षकले राज्यद्वारा निर्मित पाठ्यक्रम पाठ्यपुस्तक पढाएर मात्र हुँदैन । समाज, विद्यार्थी र विश्वमा आएको फेरबदलसँगै प्रकृतिविज्ञान र समाजविज्ञानलाई अध्ययन गरेर शिक्षाको नयाँ दर्शन दिन सक्नुपर्दछ । हाम्रो पुरानो धर्म संस्कृति, दर्शन र परम्पराले निर्माण गरेको चेतनाले समाज र राष्ट्रको कल्याण गरेन । यी सबैलाई अध्ययन गर्दा नयाँ सत्यको खोजी भएको छ । त्यसैले शिक्षकहरूले व्यवहारमा सिद्धान्तमा, सोचमा र कर्तव्यमा नयाँ शिक्षाको दर्शनको खोजी गर्नु पर्दछ । उत्पीडित, सिमान्तकृत जाति, वर्ग, भूगोल र विषय परिस्थितिलाई हेरेर शिक्षाको पाठ्यक्रम पाठ्यपुस्तक बनाउनुपर्दछ । हाम्रो सोच, प्रवृत्ति, भाषा, संस्कृति र राजनीतिक प्रणालीका पुराना सोच भत्काउनुपर्दछ । सीमाहरू बदलिन्छन्, नयाँ दृष्टिकोण दिन जरुरी छ । पुरानोलाई पुनःपरिभाषित गर्नुपर्दछ । साहित्यकला संस्कृति, राजनीतिक सिद्धान्तका क्षेत्रमा नयाँ स्तरबाट सोच्नुपर्दछ । पुरानोबाट चित्त बुझाउने र ढुक्क हुने ठाउँ छैन । पाठ्यक्रम, शिक्षालयको शिक्षा पद्धति, शिक्षाको उद्देश्य, विधि, शिक्षक विद्यार्थीको अवस्थाको विषयमा पुरानो शिक्षाको पद्धतिले राम्रो गर्न सक्दैन । नयाँ खोजको जरुरी छ भन्ने कुरा शिक्षकले बुझ्नुपर्दछ ।

हाम्रो समाज व्यवस्था र गुरुकूलबाट शिक्षा दिने पद्धतिले, महिला, उत्पीडित समुदायलाई अपमान गर्‍यो । पुरुष प्रधान समाज र ब्राह्मण क्षेत्रीलाई स्थान दियो । अरू जाति र संस्कृतिलाई ओझेलमा पार्‍यो । त्यसैले शिक्षामा जनताको पहुँच पुर्‍याउन र समान शिक्षा दिनको लागि शिक्षकहरूले नयाँ खोज अनुसन्धान गर्नुपर्दछ । आजका शिक्षकहरूले सूचना प्रविधि र विज्ञानको विकासले ठूलो फड्को मारेको छ भन्ने कुरा बुझ्न जरुरी छ । यसको नयाँ वैकल्पिक सोच चिन्तनको खाँचो छ । नयाँ शैक्षिक सिद्धान्त जो जनताको पक्षमा हुन्छ, त्यसलाई शिक्षकले पछ्याउनु पर्दछ । त्यहीअनुसारको व्यवहार गर्नुपर्दछ । शिक्षाको नयाँ दर्शन दिन सक्नुपर्दछ ।

शिक्षा सुधारको मुख्य कुँजी नै शिक्षक हुन् । शिक्षकहरूको सहभागिताबिना शैक्षिक सुधार गर्न सकिँदैन । शिक्षाविद् भनिएका व्यक्ति र अन्य शिक्षाका सरोकारवालले ठूलो चारतारे होटलमा गोष्ठी गरेर शिक्षाको गुणस्तर वृद्धि हुँदैन । शिक्षाको गुणस्तर सुधार्न राज्यले शिक्षकहरूको योग्यता क्षमताअनुसारको सेवा सुविधा दिएर सम्मान गर्नुपर्दछ । गुणस्तर सुधारको मुख्य अङ्गलाई राज्यले ध्यान नदिए कसरी शिक्षाको गुणस्तर बढ्छ ? त्यसैले शिक्षकहरूलाई नयाँ-नयाँ विकसित ज्ञान र सीपको तालिम दिएर कक्षाकोठामा रहन सरकारले प्रोत्साहित गर्नुपर्दछ । शिक्षण सिकाइ, अनुभव वा ज्ञानको आदान-प्रदान गर्ने प्रत्यक्ष रूपमा शिक्षक सहजकर्ता, पथप्रर्दशक र सल्लाहकारको रूपमा रहेको हुन्छ । शिक्षा पद्धतिमा सुधार तथा परिवर्तन गर्न वाहकको रूपमा शिक्षकलाई स्वीकार गरेको स्थिति छ । शिक्षकको व्यवस्थापन र विकास सही रूपमा राज्यले गरेन भने शिक्षण सिकाइ प्रक्रियामा सुधार आउन सक्दैन । शिक्षक र शिक्षणलाई सेवाप्रदाय कार्यप्रति धारणा भएको पेशा र व्यक्तिको रूपमा मानिन्छ । तर हाम्रो देशमा शिक्षण पेशालाई विश्रामस्थलको रूपमा लिने गरिएको छ । सरकारले शिक्षण पेशालाई सबै नयाँ उत्पादित जनशक्तिको आकर्षणको केन्द्र बनाउन सकेन । यसले गर्दा शिक्षण पेशाप्रति आकर्षण कम हुँदै गएको छ । शिक्षकहरू समाजबाट कट्दै गएका छन् । शिक्षकहरूले यो पेशा सेवाप्रदायी पेशा हो भन्ने कुरा बुझ्न जरुरी छ । विश्वव्यापी कारणले सिक्ने र सिकाउने क्षेत्रलाई असीमित र व्यापक बनाएको छ, अबको सिकाइ शिक्षण पाठ्यक्रम पाठ्यपुस्तक, विद्यालय र शिक्षकको रूपमा सीमित रहेन । विद्युतीय संचार र प्रविधिका विभिन्न माध्यमबाट विश्वको नवीनतम ज्ञान र प्रविधि प्राप्त गर्ने खुल्ला अवसर प्राप्त भएको छ । शिक्षक एक सहजकर्ता र मार्गदर्शनको रूपमा रहनुपर्ने र सिकारुलाई खोज अनुसन्धानमा सहयोग गर्ने हुनुपर्दछ । शिक्षक एक नीति निर्माता, प्रशिक्षक, प्रशासक, योजना निर्माणकर्ता र कार्यान्वयनको जिम्मेवार व्यक्ति भएकोले उसको पेशागत दक्षता बढाउन खोज अनुसन्धानका लागि राज्यको तर्फबाट उसलाई स्रोत सामग्री उपलब्ध गराउनुपर्दछ । यसो गर्न सकियो भने शिक्षाको गुणस्तर वृद्धिमा शिक्षकले सहजै महत्वपूर्ण योगदान पुर्‍याउन सक्दछ । एउटै कार्यथलोमा काम गर्ने शिक्षकलाई थरीथरीका बनाएर शिक्षाको गुणस्तर वृद्धि हुँदैन । राज्यले शिक्षकहरूलाई विभेद गर्न हुँदैन ।


एउटा आदर्श दक्ष शिक्षकसँग के सिकाउने, कसरी सिकाउने, किन सिकाउने र कहिले सिकाउने भन्ने दक्षता हुनुपर्दछ । शिक्षकको पेशागत दक्षताको विकास एउटा निरन्तर प्रक्रिया हो । शिक्षण पेशामा प्रवेशको अवस्थादेखि निवृत्त हुनेबेलासम्म जारी रहन्छ । शैक्षिक गुणस्तरको लागि एउटा कुशल शिक्षक बन्न, लामो अध्ययन, प्रयोगात्मक अभ्यास, विशेषज्ञको निगरानी र निर्देशनबाट प्राप्त हुन्छ । जनताको भावना र आवश्यकतालाई बुझ्न सक्ने क्षमता शिक्षकमा हुनुपर्दछ । विद्यार्थीलाई पढाउनेभन्दा पनि विद्यार्थीलाई पढ्ने शिक्षक हुनुपर्दछ । शैक्षिक गुणस्तरको लागि शिक्षकले निरन्तर मिहिनेत गर्नुपर्दछ । शिक्षाको गुणस्तर वृद्धिको मुख्य अङ्ग भनेकै शिक्षक भएकोले शिक्षक खोज र अनुसन्धानकर्ता बन्न सक्नुपर्दछ ।

# नेता विप्लवको नाममा पक्राउ पुर्जी


■ रातो खबर संवाददाता / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'को कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं ९ स्थित दाईको घरमा मंगलबार बिहान पक्राउ पुर्जी टाँसिएको छ । ज्यान मार्ने उद्योग र विष्फोटक प्रदार्थसहितको झुट्टा मुद्दा लगाईएको पक्राउ पुर्जीमा उल्लेख गरिएको छ ।

नेकपाले राष्ट्रियता, जनजीविकालगायतका मुद्दाहरुमाथि केन्द्रित रहेर विभिन्न संघर्षका कार्यक्रमहरु गर्दै आइरहेको र जनतामाझ लोकप्रिय हुँदै आएकोले क्रान्तिकारीहरुमाथि दमन गर्न यसप्रकारको हर्कत गरिएको अनुमान गरिएको छ ।


जिल्ला प्रहरी कार्यालय
विषय:- म्याद पुर्जी तामेल गर्न पठाइएको ।
श्री वडा प्रहरी कार्यालय,
... कपिलवस्तु ।
बोधार्थ:-
श्री भोजपुर जिल्ला अदालत भोजपुर ।
प्रहरी निरीक्षक
(केशवराज ज्ञवाली)

# आदरणीय पाख्रीन दाइ : शब्द–सम्मान


अम्बिका पाठक

२००९ कार्तिक ९ गते गोरखाको खरीबोटमा जन्मिनुभएका पाख्रीन दाइ २०३५ सालदेखि औपचारिक गीत संगीतमा लाग्नुभएको हो तर उहाँ आफू बिक्न र बिकाउनका लागि कहिल्यै सञ्चार खोज्दै हिंड्नुभएन । पञ्चायतकालमा जनपक्षीय राजनीतिजस्तै जनप्रिय साहित्य-कला प्रतिबन्धित थियो । उहाँले हजारौं जनताको पक्षमा गीत गाउनुभयो । पाख्रीन दाइ जनताकै घर-दैलोमा रमाउने र जनताकै दुःख-सुखमा र मुक्तिआन्दोलन तथा परिवर्तनका लागि उहाँको आफ्नो खालको योगदान थियो । २०३८ मा उहाँको 'सगरमाथाको काखमा' भन्ने प्रगतिवादी गीत औपचारिक रूपमै ल्याए । उहाँका धेरै गीतहरू भित्रिए । बस्ती-बस्तीमा, सहरमा मजदुर-किसानका फाँटहरूमा गीतले वास्तविक अवस्थालाई शब्दमा उतारेर उहाँले गीतका शब्दले सांस्कृतिक आन्दोलन नै अघि बढाए । त्यति मात्र होइन, उहाँले महिला अधिकार र मुक्ति लागि समेत उत्तिकै योगदान दिनुभएको थियो । पाख्रीन दाइ लामो समयदेखि गायन क्षेत्रमा जनताको दुःख, पीडा र सामन्ती सरकारको विरोधमा गीत गाउँदै हिंड्ने पाख्रीन दाइसँग २०४६ सालमा मेरो भेट भयो । म १४ वर्ष मात्र पुगेकी थिएँ । मलाई सानैदेखि नाच्न, गीत गाउन असाध्यै रुची राख्ने, 'के खोज्छस् कानो, भन्दा आँखा' भनेजस्तै भयो र त्यो सांस्कृतिक कार्यक्रममा भाग लिन पाएँ । पहिलो गीत मेरो नृत्यमा

- सयपत्री फुल फुल्दा मेरो माइती सम्झन्छु
- आज माले संसदमा हम्फाले, किनभन्दा कुर्सीको मोहले
- कालो वनको बिचैमा खेतालाको गाउँ
- शैलुङ्गे वनमा अँधेरी रातमा कोइली करायो
- चेलीको आँसु बोकेर लैजाउ बादल पारि गाउँमा ।

यस्तै यस्तै गीतले रेडियो क्रान्ति मेरो सानो उमेरमा नै पाख्रीन दाइको हातबाट पार्टी सदस्यता लिएको थिएँ । उहाँको सांस्कृतिक मञ्चमा प्रेरणा पाएर उहाँसँगै हिड्न बाध्य गरायो । साँच्चिकै उहाँ एउटा कलाकार मात्र नभई हाम्रो अभिभावक हुनुहुन्थ्यो । कहिल्यै नमीठो नबोल्ने उहाँको न्यानो क्रान्तिकारी भावना बाँधेर हिंड्नुभयो । कहिले माडी, कहिले भरतपुर, कहिले नवलपरासी, कहिले बुटवल, कहिले मकवानपुर पुर्‍याउनुभयो । अत्यन्त प्रभावशाली क्रान्तिकारी पाख्रीन दाइ यो देशको नै एउटा गहनाको रूपमा नै यो देशको अङ्ग हुनुहुन्थ्यो । कलाकारलाई प्रोत्साहन दिने आफ्नै तरिका थियो उहाँको । पाख्रीन दाइ एकदम सामान्य शब्दहरू प्रयोग गर्नुहुन्थ्यो तर गीतका शब्दहरू अग्निमय जोडदार भाषाहरूभन्दा पनि शक्तिशाली हुन्थे । एक सांस्कृतिक मञ्च एक क्रान्तिकारी धारको एक राष्ट्रिय कलाकार हृदयको एक टुक्राबाट नै चुँडिएर गएको अनुभव गर्दछु । चरित्रको चोखो अनुहार हाम्रो दाइलाई यो देशकै अभिभावक । महिला हक-हितका लागि पनि गीतबाट प्रत्येक नारीका मन र मस्तिष्कमा रहनुभयो । धेरै गीतहरूमा क्रान्ति, साहस र न्याय मुक्तिका कुरा मात्र हुन्थ्यो । जनताका आँगनमा रमाउने र गाउँघरमा नै नाच्ने, गाउने पाख्रीन दाइ युद्धकालमा समाजका तल्लो वर्गका दुःख/पीडा समेटेर गीत बनाउनुहुन्थ्यो । त्यही युद्धकालमा प्रचण्ड र बाबुरामलाई गीतका भावले रुवाउने कलाकार पनि थिए, त्यही युद्धकै बेला आफ्नो छोरासमेत गुमाएर हजारौं यातना सहेर मरी-मरी यो देशको लागि र श्रमिकवर्गको मुक्तिका लागि अन्तिम सास रहुञ्जेल लड्दै जानुभयो, उहाँको जीवनमा सुख, न्यानोपनको कहिल्यै अनुभूति नपाई यो संसारबाट पूर्णविराम



लगाई जानुभयो । यो देशलाई साँच्चिकै टुहुरो बनाई जानुभयो । कता-कता उहाँका गीतका शब्द र भाकाहरूले झस्काइदिन्छ । उहाँका भाकाहरूले महत्वपूर्ण भूमिका खेलेको म देख्छु । सर्वहारावर्गको मुक्तिका लागि सिंगै जीवन समर्पण गर्नुभयो । देशका अनेक गाउँ क्षेत्रमा गरिबी, श्रमजीवीका बीचमा आफ्ना गीतले अमूल्य योगदान पुर्‍याउनुभएको थियो ।

भरतपुरमा वाम गठबन्धनको सभामा 'युवाहरूलाई जागरूक बन, देश बनाऊ देश तिम्रै हो, भविष्य तिम्रै हो भनी जोशिलो गीत गाउँदै सुमधुर स्वरका धनी पाख्रीन दाइ अन्तिम गीत गाउँदा गाउँदै बिदा हुनुभयो । कहिल्यै कसैसँग नभेट्ने गरी यो संसारबाट सबै क्रान्तिकारीलाई, यो देशलाई टुहुरो बनाई जानुभयो । जसले जनवादी आन्दोलनमा आफ्नो अमूल्य जीवन गीत संगीतको माध्यमबाट यो देशलाई चिनाए । नेपाली जनताको ढुकढुकीमा उहाँका हरेक शब्दहरू छाप लगाई गुन्जिरहेका छन् । खुसीराम पाख्रीन हाम्रो सामु रहनुभएन, उहाँका अजम्बरी गीतहरू, अजम्बरी शब्दहरूले घच्घच्याइरहनेछन् । अहिले हाम्रोसामु रहनुभएन । प्रचण्डलाई जुन उचाइमा पुराए खुसीराम दाइले, दाइका गीतका शब्दले १० वर्ष युद्धनै उहाँका झुपडीका गीत, बस्ती-बस्तीका महिला मुक्तिका, किसानका, मजदुरका शब्दले संसारभर ज्वालामुखीजस्तै फैलिएका थिए । हिजोको दास, शासक, सामन्ती, दलालका मुक्तिका शब्दहरूले गीतबाट विद्रोह सुरु गर्दै पुरानो परिपाटीलाई गीतका शब्दले प्रहार गर्दै देशको आवश्यकताअनुसार अगाडि बढ्दै गएका थिए ।

आज क्रान्तिकारी आवाज मेटिँदै गएका छन् भिजेको कागजजस्तै, अस्ताउँदै गएका छन् । जनवादी गीतहरू सुस्ताउँदै गएका छन् । जुन गीतले वर्गलाई केन्द्रित बनाइदिने भाकाहरू सुस्ताए । राज्यको तर्फबाट पनि बेवास्ता गरेको थियो पाख्रीन दाइलाई न राज्यले पनि यो देशकै जनवादी होनाहार गाएकको रूपमा चिनिएर पनि उहाँको स्वास्थ्यको विषयमा कहिल्यै यो राज्यले ध्यान दिएन । दलाल सरकारले कहिल्यै नजिकबाट नियालेको थिएन । त्यसैले आज क्रान्तिकै बाटोमा आफ्नै जीवनको आधा बाटो नपुग्दै अन्तिम आहुति दिनुभएको छ । सधैँ उहाँको श्रद्धाञ्जली गर्दछु ।

गएको वर्ष वैशाखमा पूर्वविराम, रायन, जेबी टुहुरेसहित उहाँको अभिनन्दन काठमाडौंको राष्ट्रिय नाचघरमा भएको थियो । नेकपाले सो अभिनन्दन गरेको थियो । सो अवसरमा नेकपाका महासचिव क. विप्लवले 'तपाईंहरूको गीत गाउँदै हामी युवा विद्यार्थी छँदा क्रान्तिमा लागेका थियौं । तपाईंहरू गीत गाउँनुस्, हामी क्रान्तिको नेतृत्व गर्छौं' भन्नुभएको थियो । त्यस अवसरमा मन्तव्य राख्दै पाख्रीन दाइले 'अखिल नेपाल जनसांस्कृतिक महासंघको राष्ट्रिय सम्मेलनको स्मरण गर्दै 'मेरो पार्टीले फेरि गाली गर्ने होला' क्रान्तिकारी कुरा गर्दा नेताहरू तर्सन्छन्' राष्ट्रिय नाचघरमा भन्नुभएको थियो । सम्मेलनमा दाइले राजनीतिक जीवनका पीडा सम्झँदै आँसु झार्दै 'कहिलेकाहीँ सबै कुरा छोडेर एकपटक विद्रोहको झन्डा उठाउँदै लगेको छ' भन्नुभएको थियो । त्यो भनाइ सामाजिक सञ्जालमा भाइरल भएपछि माके पार्टीले उहाँको आलोचना गरेको रहेछ ।

आफ्ना केही मानवीय सीमासहित पाख्रीन दाइ सधैँ देश र जनताको लागि लड्नुभयो । उहाँले सधैँ दिनुभयो, लिनुभएन ।

# देशव्यापी ओलीको पुत्ला दहन

■ झनक श्रेष्ठ / काठमाडौं

सरकारी दमन र प्रहरी हस्तक्षेपका विरुद्ध शुक्रबार देशव्यापी केपी ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको छ । आइतबार विराटनगरमा आयोजित युवा जनस्वयंसेवकको राष्ट्रिय सम्मेलनमा जाँदै गर्दा नेकपाका नेताद्वय हेमन्तप्रकाश ओली 'सुदर्शन' र पदम राई 'विकास' लगायतका नेता-कार्यकर्ताहरूलाई प्रहरीले बिनाकारण पक्राउ गरेको तथा खुल्ला सभामाथि हस्तक्षेप गरेको विरोधमा सो पार्टीले बिहीबार देशव्यापी केपी ओलीको पुत्ला जलाउने कार्यक्रमको लागि निर्देशन गरेको थियो । पूर्व निर्धारित कार्यक्रमअनुसार चितवनको भरतपुरस्थित हाकिमचोकमा र चितवनकै टाँडीमा पुत्ला जलाउने कार्यक्रम सम्पन्न गरेको नेकपा चितवनले जनाएको छ । कार्यक्रममा नेकपाका कार्यकर्ता, समर्थक, शुभचिन्तकहरूले नार ासहित लगाएर हाकिमचोकमा केपी ओलीको पुत्लामा आगो लगाएको हो । त्यस्तै उता पूर्वी कमाण्डअन्तर्गत धनकुटाको पाख्रीबास पनि केपी ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको हाम्रा धनकुटा संवाददाताले जानकारी दिएका छन् । यसैगरी स्याङ्जाको मायाटारी बजारमा केपी ओलीको पुत्ला दहन कार्यक्रम सम्पन्न भएको छ । त्यसैगरी सिन्धुलीको हरिहरपुरगढी ८, पानताले र हरिहरपुरगढीकै १ जितपुरमा ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको छ । यसैगरी गुल्मीको तम्घासमा ओलीको पुत्ला दहन कार्यक्रम सम्पन्न गरेको छ ।

पार्टीको पूर्वघोषित कार्यक्रमअनुसार शुक्रबार गुल्मीको सदरमुकाम तम्घासमा केपी ओलीको पुत्ला जलाएको नेकपा गल्मीले जनाएको छ । यस्तै कञ्चनपुरको झलारी बजार र महेन्द्रनगरको चम्मनचोकमा केपी ओली पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको छ । बिहानैदेखि सुरुक्षाकर्मीको बाक्लो उपस्थिति रहेको अवस्थामा पनि केपी ओलीको कञ्चनपुरमा पुत्ला जलाउन नेकपाका कार्यकर्ता सफल भएका छन् । यस्तै, भोजपुरको कुन्वाक काउले र नागीमा ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको छ । त्यस्तै, इलामको चुर्यदय नपा, झापाको दमकबजार, मोरङको पत्थरी नपाको बुद्धचोक, विराटनगर महानपालिका १४ महत्वटोल, त्यस्तै दैलेखको आठविस नपा राकम, सुर्खेत वीरेन्द्रनगर, मैनतडा, अर्घाखाँची, कपिलवस्तु, तनहुँ, सुनसरीको इटहरी उपमहानगरपालिका समितिले केपी ओलीको पुत्ला जलाएको छ । सुनसरीको इटहरीचोकभन्दा ५०० मिटर नजिक रहेको खेतीखोलाको राजमार्गमा पुत्ला जलाएको हो । धरानको मंगलबारे बजार, इटहरीको पचरुखी, पोखराको लेखनाथस्थित तालचोक र रुकुमको सदरमुकाम मुसीकोट खलाङ्गामा अहिले साँझ केपी ओली पुत्ला जलाएको समाचार प्राप्त भएको छ । शुक्रबार अपरान्ह नुवाकोटको बट्टार र रसुवाको कालिकास्थानमा केपी ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न भएको छ । बट्टारस्थित नुवाकोट आदर्श बहुमुखी क्याम्पस र रसुवाको कालिकास्थानस्थित कालिका हिमालय क्याम्पसअगाडि नेकपाका कार्यकर्ताले नाराजुलुससहित पुत्ला जलाएको हो । नेकपा दाङले केपी ओलीको पुत्ला जलाउने कार्यक्रम सम्पन्न गरेको छ । शुक्रबारै दिउँसो दाङको घोराहीस्थित सहिदगेटचोकमा केपी ओलीको पुत्ला जलाएको हो । कोणसभा, अन्तरक्रिया जस्ता चरणबद्ध संघर्षका कार्यक्रम गर्दा पनि गिरफ्तार नेतालाई रिहा नगरिएको भन्दै आज केपी ओलीको पुत्ला दहन गरिएको जनाएको छ । त्यस्तै झापाको दमक, झापाकै शिवपटै नगरपालिकास्थित माइधारमा पार्टीको केन्द्रीय सदस्य निर्मलको नेतृत्वमा पुत्ला जलाएको खबर प्राप्त भएको छ । यसैगरी झापाकै दमक २ स्थित पांग्लीचोकमा जम्मा भएका नेकपाका कार्यकर्ताहरूले ओलीको पुत्ला जलाएका हुन् ।

# फासिवादतिर धकेलिंदै विश्व


अनिल शर्मा

> *आर्थिक क्षेत्रमा पहिलो र हतियार उत्पादनमा तेस्रो चीनमा पनि अन्धराष्ट्रवाद हावी हुन थालेको छ । चीनमा चर्चहरु निशानामा परेका छन् । सिजि पिङविचार धारा निर्यात हुन थालेको छ । आक्रामक विदेश नीति र अवलम्बन गरिएको छ । चिनियाँ समुद्र क्षेत्रमा अन्तर्राष्ट्रिय अदालतको बेवास्ता गर्दै चीनले कृत्रिम टापुहरु बनाउने सैन्य नियन्त्रण कायम गर्ने गरिरहेको छ । अन्धराष्ट्रवादी भाजपा सरकारले भुटानमाथि नियन्त्रण गर्दै भुटान-चीन सीमामा चीन तनाव जारी छ । जसको रापमा दक्षिण एसिया फसेको अवस्था छ ।*

आज विशव हरेक दिन अन्धराष्ट्रवाद, आर्थिक संकट र त्यसको परिणामका रूपमा फासिवादी दिशामा उन्मुख भएको छ। आर्थिक संकट र अन्धराष्ट्रवादको कारण आन्तरिक उत्पीडन र क्षेत्रीय तथा विशवयुद्धको खतरा बढ्दै गएको छ । त्यस सन्दर्भमा विश्वका ५ वटा घटनाहरू उल्लेखनीय छन्, जुन छन् । टर्कीको असफल सैनिक संकट र डोनाल्ड ट्रम्पको विजय। यी घटनाहरूले अनेकौं सह-उत्पादन गरेका छन् । जसले विश्व संकटलाई प्रतिबिम्बित गर्छन् ।

गत वर्ष अमेरिकामा निर्वासित एक जना धार्मिक नेताको अगुवाईमा टर्कीमा असफल सैनिक विद्रोह भयो । धार्मिक सुपुर्दगी गर्न टर्कीले अमेरिकासँग माग गर्दै आएको छ तर अमेरिकाले टर्कीको दावीसँगै टर्की अमेरिकी ध्रुवबाट रूसी चिनी ध्रुवतिर धकेलिएको छ। रूस र टर्कीका बीचमा ठूलो मात्रामा सामरिक आर्थिक सहकार्य भएको छ । टर्की मुस्लिम धर्मावलम्बी र युरोपियन मनोविज्ञान भएको देश हो । जसलाई युरोपको ढोकका पनि भनिन्छ। मध्यपूर्व र युरोप दुवैमा भइसकेको छ । उसले अमेरिकी दबाबलाई बेवास्ता गर्दै कुबेत, इरान र सिरियासँग सहकार्य गरिसकेको छ।

स्पेन युरोपको ग्रीसपछि सबैभन्दा बढी आर्थिक संकट झेलिरहेको देश हो । स्पेनमा ९ वटा क्षेत्रहरू छन् । जसमध्ये क्याटालेनिया २१ लाख जनसंख्या भएको प्रदेश हो। सन् २००८ मा अमेरिका र युरोपमा आर्थिक महामन्दी आयो। पर्यटन र औद्योगिक नगरी क्याटालेनियाले आफू सम्पन्न हुँदाहुँदै पूरै देशको भारी बोक्नुपर्‍यो । त्यसबाट असन्तुष्ट नागरिकले स्वतन्त्रताको माग चर्काए । गत अक्टोबर १ मा सो प्राक्तले जनमत संग्रहद्वारा स्वतन्त्र भएको घोषणा गयो। स्पेन पन्ध्रौं शताब्दीमा गाभिएको हो । क्याटालेनिया संकटबाट युरोपको जग छल्लिएको ठानिन्छ। धेरैजसो युरोपेली नेताहरू न त्यहाँ सरकारले गरेको दमनको विरोध गर्न सक्छन्, न त शान्तिपूर्ण जनमतको समर्थन नै गर्न सक्छन् । 'शान्तिपूर्ण ढङ्गले वार्ताद्वारा समस्याको समाधान' बाहेक उनीहरूसँग कुनै जवाफ छैन। स्कटिस मुख्यमन्त्री निकोला स्टर्जनले क्याटालेनिया जनमतको सम्मान गर्नुपर्ने धारणा राखेपछि बेलायतमा नयाा तनाव सुरु भयो । झिनो मतान्तरले पराजित स्कटल्याण्डको स्वतन्त्रता आन्दोलन फेरि उठ्न सक्ने भयले बेलायत झस्किएको छ । उता इटालीको भेनेटो, लोम्बाडी र सार्डिनिया तथा जर्मनीको बाभारिया स्वशासित क्षेत्रमा पनि तनाव बढेको छ।

युरोपको स्वतन्त्रता र पृथकतावादी आन्दोलनको पछाडि निगम पुँजीवादले पैदा गरेकको आर्थिक संकट जिम्मेवार छ । स १९९७-९८ मा युरोप र अमेरिकामा आर्थिक मन्दी हुँदा चीन र भारत प्रभावित भएनन् । त्यसको कारणबारे अर्थशास्त्री शाहनवाज आलम भन्छन्, "हाम्रो अर्थव्यवस्था त्यस बेलासम्म धेरै हदसम्म राज्य नियन्त्रित र मूलतः घरेलु आधारित थियो ।" यसबाट भन्न सकिन्छ, एककाधिकार पुँजीवाद नै आर्थिक संकटको कारक हो । आज निगम पुँजीवादले राष्ट्रको अस्तित्व नै समाज गरेको छ । राज्यले नेतृत्वकारी भूमिका गुमाएकको छ । सन् २०१४, सेप्टेम्बर नोभेम्बरको 'भोर' अजबारको सम्पादकीय भन्छ, "राज्य र निगम पुँजीवाद एकअर्कामा विलय हुने आवश्यक नै फासिवाद हो ।" राज्यले आफ्नो भूमिका र नेतृत्व गुमाउँदै जाँदा निगम पुँजीवाद फासिवादको रूपमा प्रकट हुँदैछ।

ग्रिसको आर्थिक संकट समाधान गर्ने प्रक्रियामा सन् २००१५, जुलाईमा देशको आर्थिक उद्धारकका लागि अन्तर्राष्ट्रिय मुद्राकोष युरोपेली, केन्द्रीय बैंक र युरोपेली संघले थोपरेका कथित मितव्ययिताका कडा शर्तहरूलाई स्वीकार गर्ने कि नगर्ने भन्ने विषयलाई लिएर गरिएको जनमत संग्रहमा ग्रिसेली जनताले भारी बहुमत (६१ प्रतिशत) ले कडा प्रतिवाद गरे। यसबाट ग्रिसका जनता निगम पुँजीवादको विपक्षमा छन् भन्ने प्रष्ट हुन्छ।

सन् २०१६ मा बेलायतमा 'बेलायत युरोपेली सङ्घमा रहने कि नरहने' भन्ने विषयमा जनमत संग्रह भएको थियो। जनमत संग्रहले बेलायत सो सङ्घबाट अलग हुनुपर्ने पक्षममा बहुमतले फैसला गर्‍यो । बेलायतको सबैभन्दा ठूला अर्थतन्त्र भएको बेलायत युरोपेली संघबाट अलग भएपछि युरोपेली संघको भविष्य नै संकटमा परेका छ । अमेरिका र बाँकी विश्वसँग सामरिक आर्थिक प्रतिस्पर्धाको लागि बनेको युरोपेली सङ्घ अपाङ्ग मात्र भएको छैन, अन्धराष्ट्रवाद प्रोत्साहित भएको छ । मंसिर १३ गते बेलायतको ब्रिटेन पहिलो नामक दक्षिनन्थी समूहको अन्धराष्ट्रवादी सोचलाई ट्रम्पले समर्थन गर्न पुगे। त्यसको बेलायती प्रधानमन्त्री थेरेसा मेका प्रवक्ताले गलत र अशोभनीय भन्दै निन्दा गरे भने बेलायती सांसद्हरूले डोनाल्ड ट्रम्पको हुन लागेकको बेलायत भ्रमण रोक्न सरकारसँग माग गरे।

डोनाल्ड ट्रम्पले 'अमेरिकी गौरवको पुनर्स्थापना ७ नोभेम्बर २०१६ को अमेरिकी राष्ट्रपतिको चुनावमा नारा बनाए । त्यही नाराले उनलाई विजयी जनायो। त्यसको अर्थ हो, नवउदारवादमा आधारित साम्राज्यवादी भूमण्डलीकरणको विरोध र अमेरिकी अन्धराष्ट्रवादको पक्षपोषण । जसले अन्धराष्ट्रवादी मूल्यको आधारमा संरक्षणवाद हुँदै फासिवादतिरको यात्रा तय गरेको छ। हालसालै प्यालेस्टीनी राजधानी जेरूसलेलाई अमेरिकाले इजरायलको भन्ने मान्यता दिएपछि अमेरिका अझै विश्व-जनमतबाट अलग-थलग भएको छ।

कट्टरतावाद र पृथकतावाद सबैजसो युरोपेली देशहरूको समस्या हो। बेग्जिटबाट लोकप्रिय भएको दक्षिणपन्थी आप्रवास विरोधी राजनीति फ्रान्समा पनि लोकप्रिय भएकको दक्षिणपन्थी आप्रवास विरोधी राजनीति फ्रान्समा पनि लोकप्रिय हुँदै गएको छ। उता त्यसै प्रकारका पार्टीहरू नेदरल्याण्ड र जर्मनीमा पनि लोकप्रिय बन्दै गएका छन् । सन् २०१६ सेप्टेम्बरको समकालीन तीसरी दुनिया' मा स्वदेश कुमार सिन्हा भन्छन्, "आज सम्पूर्ण युरोप, अफ्रिका, एसिया तथा ल्याटिन अमेरिकी देशहरू, फ्रान्स, नेदरल्याण्ड, अष्ट्रिया (स्वेडेन, डेनमार्क, हंगेरीमा समेत) अनुदारवादी पार्टी तथा राजनेताहरूको लोकप्रियता बढ्नुमा अमेरिकी सत्ता प्रतिष्ठानहरूको हात छ ।" आफ्नो संकटलाई अमेरिका युरोपमा विस्तार गर्न चाहन्छ। फ्रान्स, जर्मनी र बेलायतजस्ता शक्तिशाली युरोपेली देशहरूको मोर्चाबन्दी अमेरिकी हितमा नहुन सक्छ । जसले अमेरिकी बजार खोस्दै आएका छन् । त्यसकारण युरोपमा अस्थिरता र विभाजन अमेरिकी रणनीति हो। आर्थिक संकट र अमेरिकी षड्यन्त्रको कारण युरोपमा अन्धराष्ट्रवाद उभारमा छ।

भारतमा हिन्दु अन्धराष्ट्रवाद सत्ताहरू भएको छ। उसले भारतका कम्युनिस्टहरू दलित समुदाय, मुस्लिम समुदाय, (जनसंख्याको १३ प्रतिशत) र सबै उदारवादी पक्षमाथि हमला गरिरहेको छ। अल्पसंख्यक समुदाय विस्थापित हुने क्रम बढेको छ । भारतमा गान्धीको हत्यारा नाथराम गोड्सेलाई सहिद घोषणा गर्ने, पार्वती थापाजस्ता स्थापित लेखक बुद्धिजीवीहरूमाथि हमला गर्नेक्रम बढेको छ । फरक विचार राख्ने बुद्धिजीवी र सञ्चारकर्मीहरू मारिनेक्रम बढिरहेको छ । राज्य नियन्त्रित त्रासद् परिस्थिति बढ्दै गएको छ।

मोदी सरकारको 'भारतमा बनेको होइन, भारतद्वारा बनाइएको' नारा दिएको छ। यसलाई 'अमेरिका पहिलो' भन्ने ट्रम्पको नाराको भारतीय संस्करण ठानिएको छ। भारतमा बढ्दो अन्धराष्ट्रवादसँगै दक्षिण एसियामा तनाव बढेर गएको। भारतले पाकिस्तानमाथि दबाब बढाएको छ । अमेरिका पाकिस्तान सम्बन्ध संकटतिर गएको छ । अमेरिका पाकिस्तान बढ्दो दूरीका कारण अफगानिस्तानमा त्यसको प्रभाव चर्चा भइरहँदा हरेक महिना काबुलमा तालीबानी जापानले दोस्रो विश्वयुद्धयता गत वर्ष मात्र पहिलोपटक जापानी सेना देशबाहिर जान सक्ने कानुन पारित गरेको छ।

आर्थिक क्षेत्रमा पहिलो र हतियार उत्पादनमा तेस्रो चीनमा पनि अन्धराष्ट्रवाद हावी हुन थालेको छ। चीनमा चर्चहरू निशानामा परेका छन् । सिजि पिङविचार धारा निर्यात हुन थालेको छ । आक्रामक विदेश नीति र अवलम्बन गरिएको छ। चिनियाँ समुद्र क्षेत्रमा अन्तर ाष्ट्रिय अदालतको बेवास्ता गर्दै चीनले कृत्रिम टापुहरू बनाउने सैन्य नियन्त्रण कायम गर्ने गरिरहेको छ । अन्धराष्ट्रवादी भाजपा सरकारले भुटानमाथि नियन्त्रण गर्दै भुटान-चीन सीमामा चीन तनाव जारी छ। जसको रापमा दक्षिण एसिया फसेको अवस्था छ । चीनले विश्वशक्ति बन्ने घोषणा गरिसकेको छ । जसकबो कारण पुाजीवादी शिविर उत्तेजित भएको छ। बुहध्रुवीय विश्यको उदयसँगै तनावहरू बहुआयामिक भएका छन्।

क्रिमिया संकटसँगै रसियामा अन्धराष्ट्रवाद विकास हुँदै गएको छ। पुटिनले वार्सा सैनिक संगठन विघटन गर्नु भयानक भूल भएको बताएका छन्। सिरियामा रूसी सेना आईएसको विरूद्ध युद्धमा छ। इरान र कोरियाको समस्यामा रुसले खुलेर भूमिका निर्वाह गरिरहेको छ । अमेरिका र जापान तथा युरोप विकल्पसहित साम्राज्यवादी शक्तिहरूको बीचमा सत्रुतापूर्ण तानातान जारी भएको छ । त्यसप्रकारको अन्धराष्ट्रवादको गन्तव्य भनेको युद्ध हो ।

पहिलो र दोस्रो विश्वयुद्धका कारण युद्ध नायकहरूले नै भयानक क्षति व्यहोर्नुपर्‍यो। अर्कोतिर रुस र चीनमा सर्वहारावर्गको शासन कायम हुन गयो । त्यसकारण साम्राज्यवादीहरू पूर्णस्तरको युद्धमा विश्वयुद्धलाई टार्दै आएका छन् तर उत्तर-साम्राज्यवादको युद्धबाहेक अर्को गन्तव्य पनि छैन। त्यसैले विश्वमा बढ्दै गएको अन्धराष्ट्रवाद आर्थिक संकटको सूचक हो र त्यो कुनै पनि बेला विश्वयुद्धमा प्रकट हुन सक्छ।

## देशैभर सहिद ...

सम्पन्न भएको छ । त्यसैगरी, नेकर्पाको अन्तर ाष्ट्रिय ब्युरोअन्तर्गत पर्ने नेपाली जनप्रगतिशील मोर्चा, कतारले २३ औं जनयुद्ध दिवस र सहिद सप्ताह यही फेब्रुअरी २३ तारिख शुक्रबार सम्पन्न गरेको छ । जनयुद्ध दिवसमा सरिक हुनुभएका प्रमुख अथिति र विशेष अथिति र अथितिहरूले संसदीय दलाली सत्ताका मालिकहरूले स्वदेशमा जनतामाथि पुनः दमन गरी राखेकाले जनताका अधिकारहरूलाई कुण्ठित बनाएर राष्ट्रको ढुकुटी लुट्न हरेक किसिमका अपवित्र गठबन्धन र सत्ता साझेदारी गरी देश र जनतालाई लुटिराखेका छन् । यसलाई निर्मूल पार्न मात्र एउटै विकल्प छ, एकीकृत जनक्रान्तिमार्फत् वैज्ञानिक समाजवाद स्थापना गरे मात्र देशले स्थीरता, शान्ति, सुव्यवस्था पाउनेछ भन्ने आ-आफ्ना धाराणा राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि मोर्चा सल्लाहकार श्रीकृष्ण भट्टराई र कार्यक्रम सभाध्यक्ष मोर्चा अध्यक्ष भक्तबहादुर शाहीले ब्यानर खोल्दै मैनबत्ती बालेर संयुक्त रूपमा उद्घाटन गर्नुभएको कार्यक्रममा उपस्थित सबैलाई स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन साजन गुरुङले गरेका थिए । यसैगरी, नेकपा कञ्चनपुरको आयोजनामा सहिद सप्ताह सहिद तथा बेपत्ता योद्धा परिवारलाई अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ । यसैगरी नेकपा कञ्चनपुरले सहिद तथा बेपत्ता योद्धा परिवारलाई सहिद सप्ताहको अवसरमा सम्मान तथा अभिनन्दन कार्यक्रम गरेको छ। कञ्चनपुरको बेनगरपालिका दैजी सामुदायिक वनको सभाकक्षमा कार्यक्रम सम्पन्न गरेको हो। कार्यक्रममा नेकपाका जिल्ला सचिव परिवर्तनको अध्यक्षतामा र पार्टीका इन्चार्ज अग्निको प्रमुख आतिथ्य र कार्यालय सचिव वीरेन्द्र शाहले सञ्चालनमा कार्यक्रम सम्पन्न भएको नेकपा कञ्चनपुरले जनाएको छ। यसैबीच सोही अवसरमा नेकपा कञ्चनपुरले सोमबार साँझ दीप प्रज्वलन पनि गरेको समाचारमा जनाएको छ ।

त्यसैगरी, सहिद सप्ताहको अवसर पारेर नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) संयुक्त रूपमा आयोजना गरेको जनयुद्धका सहिद, बेपत्ता योद्धा परिवार तथा घाइते योद्धा सम्मान कार्यक्रम काभ्रेमा सोमबारै सम्पन्न गरेको छ। कार्यक्रममा क्रान्तिकारी माओवादीका पीबीएम तथा सहिद तथा बेपत्ता योद्धा परिवार समाजका केन्द्रीय संयोजकसमेत रेहका नेता दिनेश शर्मा 'सागर' ले एमाले अध्यक्षसमेत रहेका केपी ओली नेतृत्वको सरकारलाई दलालहरूको सरकारको संज्ञा दिंदै जनताका समस्याहरू समाधान गर्नका लागि क्रान्तिको तयारीमा रहेका पार्टीका नेता कार्यकर्तामाथि बिनाकारण धरपकड गर्ने र दमन गर्ने गरेको भन्दै नेता सागरले प्रचण्डहरूले रोक्न खोजेर नयाँ जनवादी क्रान्ति नरोकिने बताएका छन् । क्रान्तिको प्रक्रिया अगाडि बढाउन छरिएर रहेका सबै क्रान्तिकारीहरू एउटै झन्डामुनि गोलबन्द हुने प्रक्रिया जारी रहेको बताउँदै नेता सागरले सहिद तथा बेपत्ता योद्धाहरूका क्रान्तिका अधुरा सपना पूरा गर्ने प्रतिबद्ध रहेको बताउनुभयो । कार्यक्रममा नेकपाका नेता बाबुराम गजमेरले क्रान्तिका लागि भौतिक सुख-सुविधा त्याग्दै फेरि पनि बलिदानीपूर्ण संघर्षमा होमिन क्रान्तिकारीहरू तयार रहनुपर्ने भन्दै क्रान्तिको प्रक्रियालाई अगाडि बढाएर मात्र सहिदहरूप्रति सच्चा सम्मान हुने धारणा बताएका छन् । कार्यक्रममा नेकपाका नेता हिमक, माणिक लामा, क्रान्तिकारी माओवादीका केस हरि कृष्ण गजुरेल र सहिद परिवारको तर्फबाट कृष्णप्रसाद गौतमले बोलेका थिए । कार्यक्रमको क्रान्तिकारी माओवादीका केस तथा काभ्रे सेक्रेटरी सोनाम तामाङको अध्यक्ष सञ्चालन नेकपाका काभ्रे इन्चार्ज शरद रसाइलीले गरेका थिए । यसैबीच काभ्रेकै चौरी देउरालीमा भएको कार्यक्रमका प्रमुख अतिथि नेता सागरलगायत अतिथिहरूले सहिद तथा बेपत्ता योद्धा परिवार र घाइते योद्धालाई क्रान्तिकारी माओवादी र नेकपाका तर्फबाट सम्मान-पत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गरेका थिए।

त्यसैगरी, सहिदहरूको सम्झनामा सहिद तथा बेपत्ता परिवारहरूलाई सोमबार दाङका विभिन्न ठाउँमा अभिनन्दन गरिएको छ। बलिदान दिवस तथा सहिद सप्ताहको अवसरमा नेकपा र नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) दाङले संयुक्त आयोजनामा जनयुद्धका सहिद परिवारहरूलाई विभिन्न ठाउँमा कार्यक्रमको आयोजना गरी अभिनन्दन गरेको छ। दाङको तुलसीपुर र घोराही ३ बेलुवामा संयुक्त आयोजना र गढवा र राजपुर राप्ती गाउँपालिकामा नेकपा दाङको आयोजनामा सहिद परिवारहरूलाई सम्मान पत्र तथा प्रतिबद्धता पत्रले अभिनन्दन गरेका हुन् । घोराही ३ बेलुवाको सहिदपार्कमा भएको अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथिसमेत रहेका नेकपा दाङका इन्चार्ज सविन पोखेलले जनयुद्धका सहिदहरूको रगतको मुल्य चुक्ता गरिछाड्ने अठोट व्यक्त गरेका छन् । ९ जना निर्दोष किसानहरूको सामूहिक हत्या भएको सम्झनामा निर्माण गरिएको सहिदपार्कमा नेकपा क्रान्तिकारी माओवादीका ५ नं. प्रदेश सदस्य माधव खनालको अध्यक्षतामा भएको कार्यक्रममा घोराही नगर इन्चार्ज बिहानी चौधरी, सहिद परिवारबाट सुन्दर चौधरी, क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी रामजी चौधरी, अखिल नेपाल महिला संघ क्रान्तिकारीका जिल्ला अध्यक्ष जानकी चौधरीलगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा नेकपाका नगर सेक्रेटरी जनक विकले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला अध्यक्ष नरेन्द्र बन्जाडेले गरेका थिए । यसैबीच दाङको तुलसीपुरमा पनि नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) दाङको संयुक्त आयोजनामा सहिदहरूलाई अभिनन्दन गरिएको छ । नेकपाका राप्ती ब्युरो सदस्य तथा बेपत्ता परिवारका केन्द्रीय सदस्य रामबहादुर थापा सुन्दरको अध्यक्षता तथा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य हिरामणि दुःखीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सञ्चालन तुलसीपुर नगर इन्चार्ज किरण डाँगीले गर्नुभएको थियो।

कार्यक्रममा बोल्ने वक्ताहरूले जनयुद्धका अधुरा सपना पूरा गर्न क्रान्तिमा सहिद परिवारहरूको ठूलो साथ र सहयोगको अपेक्षा रहेको बताएका छन् । यस्तै, नेपाल कम्युनिस्ट पार्टी दाङको आयोजनामा आज नै देउखुरीको राजपुर, गढवा र राप्ती गाउँपालिकामा पनि त्यहाँका सहिद परिवारहरूलाई अभिनन्दन गरेको दाङबाट हाम्रा सहकर्मी जानकी दहितले जानकारी दिएकी छन् ।

## सलमानको कार्यक्रमको विरोध र भर्त्सना

■ **रातो खबर संवाददाता**/काठमाडौं

आउँदो फागुन २६ अर्थात् १० मार्चका दिन 'बलिउड सुपरस्टार दबंग द टुर' नामक योजनाअन्तर्गतको सांस्कृतिक कार्यक्रम तत्काल खारेज गर्न अखिल नेपाल जनसांस्कृतिक महासङ्घले माग गरेको छ। महासङ्घका महासचिव खेम थपलियाले १५ गते एक वक्तव्य निकाल्दै विरोध गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "नेपालमाथि भारतीय राजनीतिक मात्रै होइन, सांस्कृतिक अतिक्रमणसमेत तीव्र पारिएको छ । नेपालीहरू राष्ट्रियताप्रति कत्तिको संवेदनशील छन्, भनेर जाँच्ने भित्री उद्देश्य भारतीय कलाकार काठमाडौं उतार्ने विशेष योजनाअन्तर्गत हुन लागेको छ।"

विरोध गर्नुपर्ने कारण स्पष्ट पार्दै थपलियाले भन्नुभएको छ, "नेपालमा विईङ ह्युमनको नामबाट सामानहरू बिक्री गर्दै भारतीय जनताको लागि सहयोग गर्दै आएका नायक खान नेपाली जनताका लागि समेत प्रिय पात्र हुन् । कलाको हिसाबले उनी निकै लोकप्रिय छन् तर त्यसो भन्दैमा हाम्रो राष्ट्रियताको रक्षा र संवर्द्धनका लागि उनीसँगै आउने सांस्कृतिक अतिक्रमण स्वीकार्य छैन । उनी कलाकारको हिसाबमा नेपाल आऊ/जाऊमा कुनै अवरोधको नीति नरहेको तर रक्सी, मदिराका प्रवर्द्धनको लागि नेपाल आउने, प्रतिव्यक्ति २० हजार रुपैयाँको टिकट काट्ने कार्य नेपाली अर्थतन्त्रलाई समेत धरासायी बनाउने निश्चित छ । त्यसैले ओडिसी इन्टरटेनमेन्टको आयोजनामा हुन लागेको उक्त कार्यक्रम तत्काल रोक्न हामी सरोकारवाला सबैलाई हाम्रो विनम्र आग्रह छ।"

वक्तव्यमा छ, "कार्यक्रममा रक्सीको टिसर्ट लगाएर टुँडीखेलमा नेपाली जनतालाई उफार्ने दुष्प्रयास भइरहेको प्रति हाम्रो गम्भीर आपत्तिसमेत रहेको छ। हाम्रो सङ्गठन भारतीयहरूको यसप्रकारको गलत नियत तथा नीतिको तीव्र विरोध र भर्त्सना गर्दछ । र, अन्य सहयोगी एजेन्सीलाई कुनै पनि सहयोग नगर्न हामी यसै प्रेस विज्ञप्तिमार्फत् सबैलाई आग्रह गर्न चाहन्छौं। जबर्जस्ती गर्न खोजे, अन्यथा रूपमा लिइए, त्यसबाट उत्पन्न हुने आइपर्ने परिस्थितिको जिम्मेवार सम्बन्धित पक्ष नै हुनुपर्ने कुरा पनि हामी यसै प्रेस विज्ञप्तिद्वारा स्पष्ट पार्न चाहन्छौं" भनिएको छ।

## केपी–पिके ...

पछाडि हाम्रो पार्टीविरुद्ध केपी-पिके गठबन्धन घोर त्रास र आक्रोशसहित पूर्वाग्रही धारमा छ भन्ने कुरा बुझ्न कुनै कठिनाई छैन। हामी क्रान्तिकारी शक्ति र क्रान्तिकारी आन्दोलनका लागि यसप्रकारको चुनौती सामान्य नै हो । यदि सुरुबाटै छिटो-छिटो ननिमोठ्ने हो भने भोलि सत्ता मात्र होइन, 'भेडाको छाला' पूरै उत्रिनेछ र राजनैतिक मञ्चबाट मुन्ट्याइनेछ भन्ने भयले सबै लाजघीन पचाएर पनि केपी-पिके सरकार दमन गर्न पछि परिरहेको छैन। यस्तै, यो घटना केपीले थाइल्याण्डमा पुगेर भारतीय गुप्तचरहरूसँग रहस्यमय (देखिएको तर गोप्य भनिएको) भेट गरेर फर्केपछि नेपाल आएर भारतीय विदेशमन्त्री शुष्मा स्वराजसँग भद्दा, अमर्यादित एवं अकुटनैतिक सम्बन्ध गरेपछि घटेको छ। सम्भवतः केपी-पिके सरकारले आफ्नो कुर्सीस्वार्थ पूरा गर्न नेपालमा दलालहरूको रक्षा गर्न क्रान्तिलाई प्रहार गर्ने वचन दिएको छ।


यो वचन लागू गरेको देखाउन सरकार हाम्रो पार्टीविरुद्ध दमनमा उत्रेको छ । नेपालमा उत्पीडित श्रमिक किसान मजदुरवर्ग, उत्पीडित राष्ट्रहरू, उत्पीडित क्षेत्रहरू, दलित, महिलाहरू यो राज्यव्यवस्थाबाट सन्तुष्ट छैनन्। उनीहरूले आफ्नो पूर्ण मुक्ति र अधिकार चाहन्छन् तर जनयुद्धद्वारा हासिल भएका उपलब्धिहरू पनि अहिले गुमेको अनुभूति गरेका छन् । नेपाल कम्युनिस्ट पार्टीले नै जनताको आकांक्षा र मागअनुरूप नेतृत्व क्रान्तिकारी संघर्षसहित गर्दा मुक्तिको चाहना राख्ने जनता क्रान्तिकारी शक्तिको नेतृत्वमा संगठित हुन पुगेका छन्। यो कम्युनिस्ट नाम गरेको सामाजिक दलाल पुँजीवादी सरकार वामपन्थी र दलाल राज्यसत्ता धरापमा पर्ने भन्ने प्रष्ट छ। यो खतराबाट बच्न नेपाल कम्युनिस्ट पार्टी र जनताको एकताभन्दा अर्को विकल्प छैन।

एमाले-माके साम्राज्यवादी मालिकहरूको टाङमुनि घोप्टो परेर आत्मसमर्पण गरेका छन्। यी दुवैले आफ्नो कायरता र पछि फर्काइलाई छोप्न क्रान्ति सकिएको र विकास गर्ने हावादारी प्रचार गरिरहेका छन्। यी आफैंमा असफल तत्वहरू हुन्। यी तत्वलाई थाहा छ कि ढिलो या चाँडो क्रान्तिको आँधीबेहरी सिर्जना हुनेवाला छ । एकीकृत जनक्रान्ति उनीहरूको आँखाअगाडि अघि बढ्यो र सफल भयो भने उनीहरूको दुनियाँ सम्पूर्ण डुब्नेछ । यस्तो खतरा मोल्नुभन्दा क्रान्तिको घाँटी निमोठेर तिनका मालिकलाई खुसी पार्न र जनतालाई भ्रम दिन खोजेको देखिन्छ। केपी-पिकेलाई सबै कुरा गर्न बढी रुचाउनेमा समग्र सत्ताको पूरा फाइदा सोहोर्न सफल, दलाल भ्रष्ट तस्करहरूको हात रहेको छ। सबैलाई थाहा छ, हाम्रो पार्टी जनयुद्धकालदेखि यी लुटेरा तत्वका विरुद्ध संघर्षरत छ। हाम्रो पार्टी राष्ट्रघाती माथिल्लो कर्णाली अरुण तेस्रो र गैरसरकारी संस्था (केही सुदखोरहरूको काम गर्ने संस्था) मा कारबाही गरिरहेको छ । यी तत्वहरूको उक्साहटबाट भ्रष्टाचार यतिबेला बढिरहेको कुरा अनुमान लगाउन गाह्रो छैन। यिनीहरूको भित्री रूपमा थैली भर्ने साँठगाँठका कारण दलाल, ठग, लुटेरा, कर छली गर्ने गराउने अपराधी, जनतालाई कंगाल बनाउने, सुदखोरलाई कारबाही गर्ने केपी एण्ड कम्पनीलाई आफ्नो टाउको बुटले हाने जस्तो भएको हुन सक्छ। त्यसकारण ऊ हाम्रो पार्टीविरुद्ध अन्धाधुन्द दमनमा उत्रेको छ । सारमा भन्दा केपी-पिके गठबन्धनले मालिकहरूलाई खुसी पार्ने र आफ्नो स्वार्थ पूरा गर्न आफुहरू क्रान्तिकारी शक्तिको कट्टर विरोधी भएको देखाउन प्रस्ट संकेत दिन खोजेको देखिन्छ। परन्तु, दमनद्वारा क्रान्तिको समाधान होला वा क्रान्तिकारीहरूलाई तह लगाउन सकिएला भन्ने उनीहरूको निष्कर्ष मनोगत त हुन्छ नै, यो आत्मघातीसमेत हुनेछ।

जनताको मुक्ति, क्रान्ति र राष्ट्रिय स्वाधीनताको र वैज्ञानिक समाजवादको स्पष्ट लक्ष्य र दृष्टिकोण लिएर मैदानमा उत्रेको पार्टीलाई केही चुनौती थपिएला तर यसले कुनै फरक पर्नेवाला छैन । क्रान्तिकारीहरूको विश्वइतिहास साक्षी छ, क्रान्तिकारी विचारसहितको इच्छाशक्ति दमन खप्न मात्र तयार हुँदैन, दमन गर्नेलाई खरानी पार्न पनि पछि पर्दैनन् । केपी-पिके सरकारका विरुद्ध हामी सम्पूर्ण कमरेडहरूसँग काँधमा काँध मिलाएर मोर्चा समाल्न तयार छौं।

वर्ष ३, अङ्क ३७, पूर्णाङ्क १३२
रातो खबर साप्ताहिक

# प्रगतिशील लेखक सङ्घ र 'ओली-प्रचण्डीय समाजवाद'



खेम थपलिया

हामीले निरन्तर भन्दै आएका छौँ, "वैज्ञानिक समाजवादी शिविरद्वारा सङ्घर्षका सबै रूपहरूद्वारा दलाल पुँजीवादी शिविरमाथि हमला गरौँ ।" यसबारे हाम्रा आधिकारिक दस्तावेज, लेख रचना, बहस-अन्तर्क्रियाहरू पनि साक्ष्यका रूपमा खडा छन् । मरणासन्न पुँजीवाद जब समाजवादी मुटु लिएर सच्चा समाजवादीमाथि हमला बोल्न सुरु गर्दछ, तब हामी वैज्ञानिक समाजवादीहरू पनि आफ्ना यौद्धिक साधनको जोरजाम गर्नुपर्ने हुन्छ । अहिले 'ओली-प्रचण्डीय समाजवाद' को आबरणमा केही मानिस नितान्त नौलो तरिकाले प्रलेसमाथि हमला गर्न खोजिरहेका छन् । नेपालमा फगत समाजवादको कुरा त कांग्रेसले पनि गरिरहेकै छ । 'ओली-प्रचण्डीय समाजवाद' र नेपाली कांग्रेसले भन्दै आएको समाजवादमा तात्विक अन्तर छैन । ती नक्कली समाजवादी हुन् । नेपालमा जनवादी क्रान्ति पूरा भएको घोषणा गर्ने, कथित समृद्धिको गुड्डी हाँक्ने, वर्गसङ्घर्षलाई तिलाञ्जली दिँदै वर्गसमन्वयको बाटो समाउनेहरूको समाजवादी नाराको आबरणमा वैज्ञानिक समाजवादीहरूमा धावा बोल्ने मनसाय बुझ्न कुनै आइतबार कुर्नुपर्दैन । नेपालको पछिल्लो राजनीतिक परिस्थिति, यसले सिर्जना गरेको आन्तरिक तथा बाह्य ध्रुबीकरणसँगै २००९ सालमा स्थापित प्रगतिशील लेखक सङ्घको जीवनमा फेरि पनि एकपटक यसको औचित्य, सान्दर्भिकता आदिको विषयको भइरहेको बहस र त्यो बहसको केन्द्रमा आन्दोलन-सङ्घर्षलाई अन्तै मोड्न गरिएको प्रयासबारे हाम्रो धारणा राख्ने जमर्को गरिएको छ ।

नेपालमा प्रगतिशील लेखक तथा साहित्यकार भनिएका साथीहरूले कसरी सत्तास्वाद लिइरहेका छन् र तिनले लेखक-साहित्यकारको नाममा कसरी भ्रमको खेती गरिरहेका छन् भने कुरामा सायद कसैलाई कुनै दुविधा नहुनुपर्ने हो । नेपालमा आज केही मानिसहरू सङ्घर्षरत वैज्ञानिक समाजवादी पक्षधरहरूलाई 'हावामा क्रान्ति' गरिरहेको भनेर जनताको सङ्घर्षको अवमूल्यन गर्ने दुस्साहस गरिरहेका छन् । हामीलाई शङ्का छैन कि नेपालका कथित वामपन्थी धाराको साहित्यिक परिदृश्यलाई चरम अवसरवादी घुम्टोले घर्लप्पै छोपेको छ । अँध्यारा कोठाहरूमा भावी सत्ता र पदीय मोहमा मरीमरी बार्गेनिङ गर्ने अनि कहीँ कतैबाट त्यो निजी स्वार्थ पूरा नहुने भएपछि सडकमा 'समाजवाद' को नारा लगाउनु जस्तो घटिया र अवसरवादी कुरा सायद अर्को हुन सक्तैन । सत्ताधारीहरूसित सजिन असाध्यै मन गर्ने, तस्बिर खिँचाउने, सेल्फी खिँच्ने, आफूलाई बडप्पन देखाउने, फेरि आफ्नो भण्डाफोर हुने आशङ्कामा त्यसकै विरुद्ध बोलिहाल्नु नितान्त अवसरवादी तरिका हो । आफ्नो स्वाद परेको बेलामा सत्ताको सप्तरङ्गी इन्द्रेणीमा लाजै नमानी नाच्ने, तिनका नेतृत्वले कुनै कारण नाम लिए मात्र पनि तिनै नेताको उत्निखेर देवत्वकरण गर्दै हिँड्ने, फेरि कहीँ कतै निजी स्वार्थमा ठेस लाग्नेबित्तिकै तिनै नेताको बदख्याइँ पनि गरिहाल्ने 'ओली-प्रचण्डीय समाजवाद' पन्थी लेखक-साहित्यकारहरू बर्गेल्ती भेट्न सकिन्छ । सत्ता-सरकारी जुलुसमा सामेलीकरणमा ती साहित्यिकजनहरूको उन्मुक्त खुसी देख्न सकिन्छ । फेरि तिनै मानिस सहिदको नाममा भोज गर्छन् र रक्सीका सयौँ बोटलको हत्यामा प्रतिस्पर्धा गर्दछन् । पञ्चायतकालमा अवसरवादी साहित्यकारहरू रातमा निकै सक्रिय हुन्थे रे ! रातमा नै कसलाई पुरस्कार दिने, कसलाई प्रतिष्ठानमा लैजाने, कसलाई राजदूत बनाउने, कसलाई मन्त्री बनाउने आदि इत्यादि विषयमा पञ्चायती हण्डीवालाहरू लेखकहरूको सक्रियता अहिले पनि बेला-मौकामा चर्चा हुने गर्दछ । तर आज समय फेरिएको छ, समाजका उपरीसंरचनामा फेरबदल आएको छ । उपरीसंरचनामा आएको आंशिक परिवर्तनलाई खैंजडी बनाएर केही लेखक-साहित्यकारहरू दिउँसो नाङ्गै जुलुसमा हिँड्न थालेका छन् । सत्तासीन दलाल पुँजीवादसम्बद्ध सांस्कृतिक प्रतिष्ठानहरूमा 'टिपेक्स प्राज्ञ' 'भनसुन प्राज्ञ', 'मनसुन प्राज्ञ' हरूको हालीमुहाली छ । जब विचार-सिद्धान्त-आदर्श सौदाबाजी-दाउपेचका विषय बन्दछन्, बनाइन्छन् भने त्यसका मतियारहरू कसरी समाजवादी अभियन्ता हुन सक्छन् ? पदका लागि नेताका घर-घरमा दौडधूप गर्नेहरूले 'ओली-प्रचण्डीय समाजवाद' को विरोध गर्नु कम्ती उदेकलाग्दो छैन । यो त जुन धाराको पानी पियो, उही धारामा फर्की-फर्की पिसाब फेर्ने जस्तो कुरा भयो । 'ओली-प्रचण्डीय समाजवाद' यतिसम्म लचकदार छ कि ऊ एकैछिनमा चाइनिज भइदिन्छ, एकैछिनमा भारतीय । भारतीय विदेशमन्त्री शुष्मा स्वराजसित एमाले अध्यक्षको ओलीको भेटघाटको तरिका र कुराकानीको अन्तर्वस्तु अहिले बहसको विषय बनेको छ । 'ओली-प्रचण्डीय समाजवाद' एकैछिनमा बच्चा भइदिन्छ, एकैछिनमा वृद्ध ! एकैछिनमा राष्ट्रवादी र एकैछिनमा राष्ट्रघाती भइदिन उसलाई कुनै अप्ठ्यारो हुँदैन । राष्ट्रवादको बर्को ओढेर राष्ट्रघात गर्नु उसको असलियत हो । 'ओली-प्रचण्डीय समाजवाद' वरिपरि घेराबन्दी लाग्ने लेखक-साहित्यकारहरू दालल फासिवादी सरकार र तिनको कार्यक्रममा हाजिरी जनाउँछन्, गरम लिफा खल्तीमा हाल्छन् अनि सङ्गठित-असङ्गठित रूपमा आफू 'समाजवादी' भएको कोकोहोलो गर्दछन् । नाङ्गाहरू धेरै भएपछि लुगाा लगाएका मान्छेहरू भाग्नुपर्दछ भनेको यही त होला । नत्र नाङ्गाहरूले कपडा लगाएका मानिसमाथि निरन्तर किन हमला गरिरहेका छन् त ? हामी वैज्ञानिक समाजवादी पक्षधर यस्ता मानिस हौँ, जो धक खोलेर क्रान्ति, परिवर्तन र मुक्तिको कुरा गरिरहेका छौँ र प्रश्न गरिरहेका छौँ, "मित्र ! तपाईंहरूको राजनीति के हो ?"

अवसरवाद यस्तो ढलान रहेछ, जसले सजिलै जब्बर भ्रम दिन सक्छ । हरिया नोट छ्यालब्याल पारेर विभिन्न साहित्यिक महोत्सवहरू भइरहेका हुन्छन् । त्यहाँ कैयौँ नाम चलेका प्रगतिशील साहित्यकार हरूको 'सगौरवपूर्ण' सहभागिता हुन्छ । त्यहाँ उसले मार्क्सवादको लामा-लामा प्रवचन पनि दिन्छन् । जसले कहिल्यै आफ्नो जीवनमा मार्क्सवाद लागू नै गरेन, आफू कहिल्यै मार्क्सवादी पनि भएन तर उनले नै लामा-लामा मार्क्सवादी उपदेश दिन्छन् । त्यहाँ कोही ताली पिट्छन्, कोही हाई काढ्दै समय कटाउँछन् भने कोही चमेनागृहतिर लुसुकिन्छन् । बेमौसम कसैलाई प्रगतिशील साहित्यिक महामानव बनाएर रथयात्रा गरिन्छ । सामन्तवादी जगमा उभिएको प्रज्ञा-प्रतिष्ठानको आजीवन भत्ता पनि नछोड्ने अनि क्रान्ति पनि हुनुपर्ने ? ओहो कस्तो गज्जबको मार्क्सवादी चेतना ! छोराछोरी, सालासाली, श्रीमती र गोरु बेचेको साइनोसम्म जोडेर राज्यको ढुकुटीमा ब्रह्मलुट गर्ने चाह राख्ने, नपाए 'मूर्दावाद' को नारा उराल्नेहरू 'अङ्गुर अमिलो' सिवाय केही होइन । क्या गज्जबका प्रगतिशील-समाजवादी लेखक । भीषण तथा रक्तपातपूर्ण सङ्घर्ष प्रिय कुरा त होइन तर इतिहासमा यो अनिवार्य परिघटना बन्न पुग्दछ । त्यसमा हामीले आफ्नो भूमिकालाई कसरी व्यवस्थापन गर्न सक्छौँ, चुरो कुरा यही हो । वर्गसङ्घर्षको आधारभूत नियमलाई अस्वीकार गर्ने मनुवाहरू समाजवादी ढोंग गरिरहेका छन् । जहाँ र जहिले पनि अमानुषिक रक्तपातका सूत्रधार राज्यसत्ता हुन्छ, जनताले त्यसको प्रतिकार-प्रतिरोध गर्दछन् । यिनै कांग्रेस-एमाले होइनन्, जो हिजो माओवादीहरूलाई समाप्त पार्ने नाममा नृशंस दमनचक्र चलाएका । अनकोटमा ७ जना जनकलाकारहरू कसको सुराकीका कारण मारिएका थिए ? नेपालमा यस्ता बस्ती र गाउँ छैनन्, जहाँ राज्यसत्ताको दमनचक्र नपरेको होस् । नेपालमा सत्ताका बर्बर अत्याचारका नयाँ-नयाँ कीर्तिमान निर्माण गर्नेहरूसित सहकार्य, एकता, सम्मिलन सायद यो कुरा विश्वमा नयाँ परिघटना हुनुपर्दछ । नेपालमा यसको नेतृत्व प्रचण्डले गरिरहेका छन् । दलाल सत्ता लोकतान्त्रिक हुने तर जनताको वास्तविक सत्ता ल्याउन चाहनेहरू आतङ्ककारी हुने, तिनीहरू प्रतिक्रियावादी सत्ताको जेल र हिरासतमा कुँजिनुपर्ने, यो कस्तो विश्लेषण हो ? कस्तो वर्गीयता हो ? जसले जनताको हत्या गरेका छन्, जो जनसाहित्यविरुद्ध खनिएका छन्, लेखेका छन्, विरुद्ध जाइलागेका छन्; आज तिनीहरू महङ्गा-महङ्गा दोसल्लाले छोपिएका छन् । यस्ता नाम सयौँ छन्, आवश्यकतानुसारतिनीहरूको नाम सार्वजनिक गर्नेछौँ पनि । आजभोलि प्रगतिवादी साहित्याकाशमा निकै ताउर-माउर गर्नेहरूलाई हामी स्पष्ट भाषामा भन्न चाहन्छौँ कि तिमीहरू कि त रूपान्तरित होऊ, होइन भने जनताको सजाय भोग्न तयार भएर बस ।

पञ्चायती व्यवस्थाका दौरानमा कतिपय वामपन्थी साहित्यकारहरू थरीथरीका प्रलोभनमा फसेका थिए । यो कुरा पञ्चायती व्यवस्था, राजतन्त्र र राजाका विषयमा त्यतिखेरका साहित्यकार हरूको पदीय हैसियत र सिर्जना हेर्‍यौँ भने धेरै कुरा छर्लङ्ग हुन्छ । हण्डी खाएबापत पञ्चायती व्यवस्थालाई अकण्टक बनाउन साहित्यिक गतिविधि गरिन्थे, त्यसबापत् अनेक किसिमका पुरस्कार बाँडिन्थे । प्रलेसकै संस्थापक श्यामप्रसाद शर्माहरू पनि लर्खडाए । प्रलेसकै नेतृत्व तहमा पुगेका धर्मराज थापाबारे सबैलाई राम्रै जानकारी हुनुपर्दछ । पञ्चायत ढलेपछि त्यहाँबाट लाभान्वित केहीले लज्जाबोध गरे, कतिले पश्चात्ताप गरे भने कतिले के के गरे, के के ! सांस्कृतिक क्षेत्रमा सामन्तवाद जस्ताको तस्तै रहिरहेकाले आज पनि यसको अन्तर्वस्तुमा खासै फेरबदल आएको छैन । इन्द्रजात्रामा एउटा राँगो नदिएको झोकमा डा. बाबुराम भट्टराईका विरुद्ध काठमाडौँमा त्यत्रो उत्पात मच्चिएको अस्ति भर्खर होइन र ! आज पनि दलाल-पुँजीपति घरानाद्धारा स्थापित पुरस्कार थाप्न गरेको मरिहत्ते र तिकडमबाजी लज्जाको उत्कर्ष हो । केही समयअघि यस्तै एक पुरस्कारका सम्बन्धमा प्रलेसले एक विज्ञप्ति नै निकालेर आफ्नो धारणा स्पष्ट गरेको थियो । ओहो एनजीओ-आईएनजीओवाला पनि वरिष्ठ साहित्यकार, अझ वरिष्ठ प्रगतिशील साहित्यकार ! विश्वविद्यालयमा हाजिर गरेर दसौँ निजी शैक्षिक प्रतिष्ठानको उन्नयनमा लाग्नेहरू पनि प्रगतिशील प्राज्ञ-साहित्यकार । हैन नेपालमा हुन लागिरहेको चाहिँ के छ हँ ! जनताका विद्रोही आवाजलाई मत्थर पार्न प्रतिक्रियावादी सत्ताले जहिले पनि नयाँ-नयाँ कुर्सीहरू तयार पारिरहेका हुन्छन् । नेपालमा अहिले पनि दलाल सत्ताले लेखक-साहित्यकार-बुद्धिजीवी-कलाकारहरूलाई विभिन्न निहुँमा फसाउन खोजिरहको छ । प्रगतिशील लेखक सङ्घ मार्क्सवादी विश्वदृष्टिकोणको धरातलमाथि सहमति गरेर जान सक्नुपर्दछ नत्र दलाल संसदीय व्यवस्थाको चारकिल्लाभित्र 'सहमति' को नाटक पटक्कै सुहाउँदैन । हामी दलाल सत्ताको कथित 'चारकिल्ला' भित्र सहमति गर्ने पक्षमा छैनौँ । हाम्रो कुरा यही हो । अन्यथा प्रगतिशील मुखुन्डो लगाएका लेखक-साहित्यकारहरूको भण्डाफोर गर्नुको हामीसँग कुनै अर्को विकल्प हुँदैन । हामीलाई थाहा छ, क्रान्तिकारी तथा प्रतिक्रान्तिकारी दुबैका लागि लेखक-साहित्यकारहरूको भूमिका महत्वपूर्ण हुन्छ । हामी क्रान्तिको पक्षमा लेखक-साहित्यकारहरूको भूमिका खोजिरहेका छौँ ।

नेपालको समकालीन राजनीतिमा दलाल पुँजीवादी सत्ता नयाँ कलेबरमा देखापरिरहेको छ । सामाजिक-आर्थिक कारणहरूका नयाँ-नयाँ रूप देखापर्दै गएका छन् । लेखक-साहित्यकारहरूको ठूलो हिस्सा खरिद-बिक्री, सौदाबाजीमा फेरिने करण पनि त त्यही हो । हिजो प्रलेससित जोडिएका कैयौँ लेखक-साहित्यकारहरूको आजको हविगतले स-प्रमाण प्रस्तुत गरिरहेकै छ । अचम्मका कुरा त यो छ कि केही प्रगतिशील साहित्यकार 'आदर्शवाद' लाई आत्मसात् गर्दा रहेछन् । सामन्तवादी-पुँजीवादी प्रतिष्ठानको टाट्नामा घाँस खान जाने अनि जनसाहित्यको कुरा गर्नु गम्भीर रूपमा द्वैतवादमा फस्नु हो । क्रमशः भ्रमका पर्दाहरू तीब्र रूपमा हट्तैछन् । दलाल तथा संसदीय फासिवादको विनासकारी नीतिविरुद्धको लडाइँमा प्रगतिशील स्रष्टाहरू लड्ने कि नलड्ने ? प्रज्ञा-प्रतिष्ठानबाट शोधवृत्ति लिएर मस्ती मार्ने दर्जनौँ लेखक-साहित्यकारहरूलाई लामै सूची हामीकहाँ आइपुगेको छ । हामीसत ती लेखकहरू सरकारी प्रतिष्ठानको विरोध गरिरहेका हुन्थे, भित्रभित्र त्यही प्रतिष्ठानबाट शोधवृत्ति गरिरहेका पनि हुँदा रहेछन् । नेपाली भाषा-व्याकरण प्रकरण सामान्य परिघटना थिएन । यो प्रकरण अन्तर्राष्ट्रिय गुरुयोजनामा भएको थियो । यसको पनि हामीले हिसाब-किताब राखेका छौँ । लाज नभएपछि के गर्नू ? कुरा फेरि तिनैका ठूला हुने ! रत्नाकर र वाल्मीकि फरक-फरक चरित्र भएका तर एकै व्यक्ति हुन् तर नेपालमा यो व्यक्ति र चरित्र एउटै बन्दै गएको छ, डाँकु-साधु, साधु-डाँकु ! ओहो सामाजिक दलाल पुँजीवादरूपी कस्तो खतरानाक बिम्ब ! को कतिखेर अप्रगतिशीलहरू साहित्यकारहरू प्रगतिशील साहित्यकारका रूपमा दरिन्छन्, को कतिखेर प्रगतिशीलहरू साहित्यकारहरू अप्रगतिशील साहित्यकारका रूपमा दरिन्छन् भन्ने कुरा अनुमान नै गर्न नसकिने हुँदै गएको छ । स्वीकार्य-अस्वीकार्यको द्वन्द्ववादी नियम त होला नि ! तर व्यवहारमा त्यस्तो देखापर्दैन । यी सबै काम शक्तिकेन्द्र (आन्तरिक कम, बाह्य बढी) का गुरुयोजनामा भइरहेका छन् । यो कुरालाई प्रगतिशील लेखक-साहित्यकारहरूले गहिरोगरी बुझ्न आवश्यक छ ।

हिजो-आज माओवादी केन्द्रभित्रका केही लेखक-साहित्यकार असन्तुष्ट देखिन्छन् । केहीले आफू सो पार्टीमा नरहेको घोषणा पनि गरिसकेका छन् । यो क्रम बढ्दैछ । यो परिघटनालाई सापेक्षित रूपमा प्रगतिशील मान्नुपर्दछ तर अहिले पनि जो 'ओली-प्रचण्डीय समाजवाद' मण्डलीका रूपमा रहिरहेका छन्, डरलाग्दो विषय त त्यहाँ छ । जानकारहरू भन्छन्, 'ओली-प्रचण्डीय समाजवाद' वालाहरू एउटै ड्याङका मुला हुन् । त्यहाँ कसैले कसैका विरुद्ध औंला ठड्याउने औकात राख्दैनन् । जसलाई अहिलेसम्म कुनै आकर्षक र लोभलाग्दो मौका मिलेको छैन, ती असन्तुष्ट छन्, ती विद्रोही बनेका छन् तर तिनले सम्बन्ध-विच्छेद गर्ने हुति राख्दैनन् । 'सन्तुष्ट' हुनेबित्तिकै तिनीहरू अनेक तर्कका साथ पार्टी-सत्ता-प्रतिष्ठानहरूमा रत्यौली खेल्न पुगिहाल्छन् । त्यतिखेर 'ओली-प्रचण्डीय समाजवाद' अकबरी सुन बन्छन् तिनैका लागि । नेपालमा वामपन्थीहरूको साहित्य-सिर्जनाको वैचारिकतामाथि गम्भीर प्रश्न उठ्न थालेको उतिबेलादेखि नै हो । सायद नेपालमा अब दुईवटा एमाले छुट्टाछुट्टै रहनु आवश्यक छैन भन्ने कुराको अन्तर्वस्तु पनि यहीँनेर छ । यिनीहरूको ठूलो हिस्साले प्रतिक्रियावादीलाई पनि प्रगतिशीलता देख्न थालेको छ । नत्र किन उनीहरू आलोचनात्मक चेतनाविहीन भइरहेका छन्, उनीहरूको आलोचनाको चेतनाले आत्महत्या गरिसक्यो कि ! 'ओली-प्रचण्डीय समाजवाद' माथि त्यसखालका लेखक-साहित्यकारहरूले प्रशंसा-पुष्पगुच्छा बर्षाइरहनु त्यही आलोचनात्मक चेतनाको आत्महत्याको परिणति हो । 'ओली-प्रचण्डीय समाजवाद' त्यस्तो खिँचडी हो, जसले मार्क्सवादसँग कुनै पनि साइनो राख्दैन । 'ओली-प्रचण्डीय समाजवाद' द्वारा जीवन र लेखन दुवैमा नै प्रगतिशीलता र प्रतिगामिताबीचको सीमारेखा मेटाइनु निकै डरलाग्दो कुरा हो ।

नेपाली प्रगतिशील-प्रगतिवादी लेखक-साहित्यकारहरूको एक हिस्सा पुरातन, अवैज्ञानिक, असान्दर्भिक र जनविरोधी, घृणित, अवसरवाद र पतनको गम्भीर सिकार भएको छ । यो कुनै एकाध व्यक्तिको प्रश्न होइन, समकालीन आम प्रवृत्ति हो । पुगीसरी आएका 'प्रगतिशील' दलाल पुँजीवादी व्यवस्थाको विशेष सुविधाप्राप्त प्रतिनिधि हो, जुन जनपक्षधरता त्यागेर सत्ताधारीहरूको सेवक बनेर उभिएको छ । 'अब नेपालमा केही हुँदैन, कसैले पनि केही गर्न सक्तैन (क्रान्तिका

... बाँकी ७ पृष्ठमा



**'ओली-प्रचण्डीय समाजवाद' त्यस्तो खिँचडी हो, जसले मार्क्सवादसँग कुनै पनि साइनो राख्दैन । 'ओली-प्रचण्डीय समाजवाद' द्वारा जीवन र लेखन दुवैमा नै प्रगतिशीलता र प्रतिगामिताबीचको सीमारेखा मेटाइनु निकै डरलाग्दो कुरा हो ।**

## कविता

### देश नै रहन्न



*निर्मला खड्का*

आऊ सारा नेपालीजन सबै मिलेर
निदाएका लट्ठिएका सबै ब्युँझेर
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ तोकिन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
अन्यायको विद्रोहमा लड्न सक्नुपर्छ
जुनै तन्त्र छाउनलाई डट्न सक्नुपर्छ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
जानी-जानी गल्ती हामी दोहोर्‍याउनु हुन्न
अज्ञानमा गल्ती भए हरेस खानु हुन्न
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
देशका लागि भन्नेहरू देशकै काममा भिड्न सिक
देशका हरेक समस्याको समाधान खोज्न सिक
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
नेता बन्न कहलाउनेहरू देश बचाउने आँट गर
छिमेकीले सीमा मिच्दा सही टुङ्गो लाउने गर
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मल्य अब कहीँ भेटिन्न
सम्झिदेऊ न देशभक्तले पुर्खाहरूको साहसीपन
देशको सीमा रेखा कोर्ने कस्ता थिए व्यक्तित्वपन
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
अन्यायमा परेकालाई न्याय दिन अग्रसर होऊ
प्यासी भै छटपटिएकालाई प्यास मेटाइदेऊ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
नेता बनी हिंड्नेहरू नेतृत्वको अर्थ बुझ
नेतृत्व लिई हिंड्नेहरू देशको रक्षा गर्न सिक
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
सकेसम्म देशद्रोही भई हिंड्न नखोज
देशका हरेक इतिहासलाई मेट्न नखोज
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
गाउँदेखि सहरसम्म आँखा लगाइदेऊ
भोका पेटसामु तिमी गाँस पुर्‍याइदेऊ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
नाङ्गा छाती भई बस्नेलाई लुगा सिलाइदेऊ
आनन्दले सुत्न सक्ने बास बनाइदेऊ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
तिम्रो सम्मान हुँदा नचाइँदो दोसल्लाको भारी
एक सरो लाउन नपाउनेलाई हेर्न मुस्किल सरी
त्यसैले त तिम्रो बुद्धि यहाँ लाउनुपर्छ
हेपिएका थिचिएका उकास्ने काम हुनुपर्छ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
देशका लागि भन्नेहरू देशको हालत बुझ
विदेशीको जालमा परी देशको माटो नबेच
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
आफ्नो अस्तित्व जोगाउनलाई देश जोगाउनु छ
देशको अस्तित्व बचाउनलाई देशप्रेमीको खाँचो पर्छ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
अल्छी भई बसेकालाई जाँगर चलाइदेऊ
देशका लागि लड्न सक्ने शक्ति बढाइदेऊ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
नेता बन्न कहलाउनेहरू नियन्त्रणको काम गर
त्यति गर्न नसक्नेले नेतृत्वको काम छोड
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
नेता तिमी बनेपछि जनजीवन नियाली हेर
देशको रक्षा गर्न कार्यकर्ता खटाउने गर
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
तिम्रो पहिरनझैँ देशलाई पनि सिँगार्ने गर
सीमा रेखा मिचिँदा त केही आवाज निकाल
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
तिमीले दिन नसकिने कुराको आश्वासन नदिलाऊ
जनजीवनमा सक्छौ भने वाधा अवरोध हटाइदेऊ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
देशको सुन्दर वातावरणको जगेर्ना गर्न सिकौँ
बेरोजगार भत्ताको सट्टा रोजगारमूलक वातावरण बनाऊँ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
सपाङ्ग भएर पनि काम गर्न नखोज्नेलाई
अपाङ्ग तथा दुःखीहरूको शोषण गर्नेलाई
जनजीवन कष्टकर बनाउन खोज्नेलाई
कार्बाहीको व्यवस्था हुनैपर्छ है
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
दलाल र भ्रष्टाचारको यहाँ अन्त्य गरौँ
दुःखी र निमुखाको यहाँ उद्धार गरौँ
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न
किसानदेखि नेतासम्म जो कसैलाई
कर्तव्य महसुस हुनुपर्छ अस्तित्व जोगाउनलाई
हैन भने देश हाम्रो देश नै रहन्न
सहिदको मूल्य अब कहीँ भेटिन्न ।

## प्रगतिशील लेखक ...

सन्दर्भमा), ठूलो पार्टी बनाएर (एमाले-माओवादी केन्द्रबीच एकता) त्यसकै सदस्यका रूपमा बाँकी समय बिताउने हो' भन्ने चिन्तनले उनीहरूको राजनीतिक-वैचारिक हैसियतलाई उजागर गरेकै छ। इतिहासको एक समय सचेतन हिस्साका रूपमा प्रतिक्रियावादी सत्ताका विरुद्ध आफ्ना सिर्जना मात्र होइन, भौतिक रूपमा उभिन्थ्यो त्यो पङ्क्ति तर आज त्यस्तो अवस्था रहेन । आज त्यसैको ठूलो हिस्सा दलाल सत्ताधारीको सेवामा साहित्यिक-सांस्कृतिक भूमिका खेलिरहेको छ। नेपालमा जनयुद्धको स्थगन, आधार इलाकाको खारेजी र जनमुक्ति सेनाको विघटनपश्चात् साहित्यिक-सांस्कृतिक परिदृश्यको पतनशीलता पुगीसरी आएका लेखक-साहित्यकारहरूको गम्भीर विश्वासघात र जनपक्षधरता विपर्यासी अभिव्यक्ति हो, यसको प्रभाव प्रगतिशील लेखक सङ्घमा पनि नपर्ने कुरै भएन।

नेपालमा झन्डै २४० वर्ष राजतन्त्रले शासन गऱ्यो । नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ६८ वर्ष मात्र भयो । नेपाली समाजमा ८ - १० हजार वर्षदेखि विभिन्न (नकार-सकार) विरासतको विकास हुँदै आएको छ। नेपालमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था पनि लामै समय रह्यो। नेपालको परम्परागत वैचारिक आधार र खण्डित जनपक्षधरतामा महान् जनयुद्धले व्यापक फेरबदल ल्याउने प्रयास गरेकै हो तर त्यो प्रचण्डका गद्दारीका कारण भयानक दुर्घटनामा पऱ्यो। नेपाली साहित्यकारहरूको एउटा ठूलो हिस्साले पलायनवादको बाटो रोजिरह्यो । नेपालको इतिहासमा जसरी सुगौली सन्धिले भूगोल मात्र खुम्च्याएन, साहित्यक रूपमा वीरधाराका विरुद्ध स्तुतिवादी धाराले स्थान लियो, त्यसैगरी जनयुद्धको स्थगनपश्चात् आज 'ओली-प्रचण्डीय समाजवाद' को नाममा सामाजिक दलाल पुँजीवादी धाराले स्थान लिने खतरा प्रवल बन्दै गएको छ । बेला-बेलामा तिनको प्रगतिशील साहित्यिक सुतुर्मुर्गी चर्चा सुन्न पाइन्छ। हामी नेपाली साहित्यको पुरातन चिहानमाथि नूतन प्रगतिशील-प्रगतिवादी (मार्क्सवादी) साहित्यिक मूल्य खडा गर्न चाहन्छौँ, यसमा प्रगतिशील लेखक सङ्घले आफूलाई कसरी उभ्याउँछ ? त्यो महत्वपूर्ण कुरा हो।

जनयुद्धको अनायास विघटन र वाम आन्दोलनमा आएको भयानक आत्मसमर्पणवादी-विसर्जनवादी विचलनका कारण नेपालको क्रान्तिकारी विचार र साहित्यिक क्षेत्रमा अहम् प्रश्न सिर्जना भएका छन्। यसले प्रगतिशील विचार र सोअनुरूप प्रगतिशील साहित्यिक धारालाई नयाँ संवेग प्रदान गरेको कुरामा दुईमत छैन । जनयुद्धकालसम्म आइपुग्दा स्तरीयलेखनका साथ नेपाली साहित्यको मूल धाराको रूपमा रहेको प्रगतिवादी क्षेत्रमा 'नयाँ यथार्थपरक' धाराको रूपमा स्थापित भयो। महान् सोभियतको विघटनसँगै समाजवादी सत्तामाथि अइपरेको सङ्कटका बीच भएको जनयुद्ध विचारधारात्मक रूपमा आज विभिन्न प्रवृत्तिसित कठोर सङ्घर्ष गरिरहेको छ । त्यो आज एकीकृत जनक्रान्तिको रूपमा अभिव्यक्त भइरहेको छ । जनयुद्धकालीन आत्मविश्वास अहिले पनि उच्च छ। विश्वमा निगम पुँजीवादले राइँदाइँ गरिरहेको बेला मार्क्सवादको रक्षा र विकास तथा वैज्ञानिक समाजवादी सत्ताको स्थापनाको प्रश्न अहम् महत्वको छ । विभिन्न जनविरोधी षड्यन्त्रका विरुद्ध प्रगतिशील लेखक-साहित्यकारहरूले सङ्घर्ष गर्ने कि आत्मसमर्पण गर्ने ? विजातीय तत्वसित प्रणयलीला प्रगतिशील लेखक सङ्घको चरित्र होइन। पुगीसरी आउनेहरूका लागि लेखकीय क्षेत्र बुद्धिविलास हुन सक्ला तर आमूल परिवर्तनका खातिर निरन्तर लागिरहेका लेखक-साहित्यकारहरूका लागि यो जीवन-मरणको सवाल हो । नेपालको प्रगतिशील साहित्य कमजोर भयो भन्ने कुरा सही होइन, नियतबारे छलफल हुन सक्छ। साथै, आफ्नो वैचारिक-सामाजिक-आर्थिक परिस्थितिअनुरूप मध्यमवर्गको ठूलो हिस्सालाई यतिबेला क्रान्तिकारीकरण गर्नु चानचुने कुरा होइन। नेपालमा मिहिनेतकश जनताको जीवन र सङ्घर्षबाट धेरै टाढा पुगिसकेको 'ओली-प्रचण्डीय समाजवाद' पन्थीहरूले क्रान्ति अहितकारी भएको महसुस गर्न थालेबाट प्रगतिशील लेखक सङ्घआबद्ध लेखक-साहित्यकारले गर्ने अपेक्षा कस्तो होला!

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९




## देशव्यापी ...

र हस्तक्षेपको विरोध गरेका छन् । उनीहरूले नेकपाको राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाउने प्रयास भइरहेको भन्दै आपत्ति जनाएका छन् । कार्यक्रममा वरिष्ठ अधिवक्ता तथा जनअधिकार अभियान नेपालका अध्यक्ष एकराज भण्डारी, नेकपा (माओवादी केन्द्र) का संयोजक गोपाल किराती र नेकपा (क्रान्तिकारी माओवादी) का नेता हरिभक्त कँडेललगायतका वाम बुद्धिजीवी तथा नागरिक अगुवाहरूले बोलेका थिए । कार्यक्रमको अध्यक्षता नेपाल राष्ट्रिय बुद्धिजीवी संगठनका केन्द्रीय अध्यक्ष टीका कँडेल र सञ्चालन प्रभात चलाउनेले गरेका थिए। यसैगरी उता नेपाल कम्युनिस्ट पार्टी कंचनपुरको आयोजनामा 'वर्तमानमा राजनीतिक परिस्थिति, संकट र समाधान' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तर्क्रियामा प्रमुख अतिथि नेकपाका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले अवधारणा प्रस्तुत गरेपछि सबै वक्ताहरूले शान्तिपूर्ण कार्यक्रममा नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गर्नु गलत भएको टिप्पणी गरेका थिए। देशमा राष्ट्रघात, जनघात, भ्रष्टाचार भएकोमा त्यसलाई रोक्न सबै देशभक्त र परिवर्तनप्रेमीहरू एक हुनुपर्ने धारणा सबैले राखेका थिए । कार्यक्रममा नेकपाका महाकाली ब्युरो इन्चार्ज असिना, केन्द्रीय सदस्य सन्तोषी विक, माओवादी केन्द्रका केन्द्रीय सदस्य मिनराज गिरी, क्रान्तिकारी माओवादीका जिल्ला सहसचिव बिष्णु नेपाली, राष्ट्रिय जनमोर्चाका जिल्ला नेता महेश जोशी, सुदूर पश्चिम विश्वविद्यालयका सहायक परीक्षा नियन्त्रक प्रेमसिंह भाट, कृषिविज्ञ नरबहादुर साउद, ग्रेटर नेपालका अभियन्ता गजेन्द्र पाण्डे, निर्माण व्यवसायी संघका अध्यक्ष गजेन्द्र चन्द, समाजसेवी भ्फेलुराम डगौरा, पत्रकार महासंघ कंचनपुरका सहसचिव मोहन बिष्ट, शिक्षक संगठनका नेता ओमप्रकाश जोशीलगायतले धारणा व्यक्त गरेका थिए । राजेन्द्र बिष्टको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन प्रकाश जप्रेलले गरेका थिए।

त्यसैगरी रोल्पामा पनि 'कथित वाम सरकार, लोकतन्त्र र वैज्ञानिक समाजवाद' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेकपाले आयोजना गरेको कार्यक्रमका वक्ताहरूले सरकार निरंकुश भएको भन्दै राजनीतिक पार्टीका शान्तिपूर्ण कार्यक्रममाथि हस्तक्षेप गरेर अन्याय गरेको भन्दै नेकपाका नेताहरूलाई तत्काल रिहाइ नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । यसैगरी पूर्व घोषित कार्यक्रमअनुसार नेपाल कम्युनिस्ट पार्टी गुल्मीको तम्घासस्थित निलगिरिमा नेकपाले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय जनमोर्चाका हरि न्यौपाने, नयाँ शक्ति पार्टीका घनश्याम पाण्डे, गैरसरकारी महासंघका अध्यक्ष विष्णुप्रसाद भण्डारी, मानव अधिकारवादी माधव ज्ञवालीलगायतले शान्तिपूर्ण राजनीतिक गर्ने अधिकार संविधानले ग्यारेन्टी गरेको तर ओली सरकारले उल्लंघन गरेको बताए । त्यसैगरी नेकपा रुपन्देहीले बुटवलस्थित विश्व हिन्दु महासंघको सभाहलमा 'कथित वाम सरकारको ज्यादती र लोकतन्त्र' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा पार्टीका जिल्ला सेक्रेटेरी अमर आरसीले शान्तिपूर्ण सभा तथा कार्यक्रम गर्ने लोकतन्त्रको न्यूनतम मान्यता विपरीत सरकारले आफ्नो पार्टी र पार्टीका नेताहरूलाई अनावश्यक धरपकड र गिरफ्तार गरेको भन्दै गिरफ्तार नेताहरूलाई तत्काल रिहा गर्न माग गरेका छन् । उनले शान्तिपूर्ण आन्दोलनबाट गिरफ्तार नेताहरूलाई रिहा नगरे सशक्त प्रतिरोध गर्ने चेतावनी दिए । सोही कार्यक्रममा क्रान्तिकारी माओवादीका नेता भुलबहादुर सुनारी, माओवादी केन्द्रका सहसंयोजक पुरन गुरुङ, राजमो सचिव दिपक पौडेल, कांग्रेसका प्रतिनिधि बिष्णु पोखरेल, वाम बुद्धिजीवी तथा लेखक दिल साहनी, मार्क्सवादी विचार मञ्चका अध्यक्ष युवराज पन्थी, राष्ट्रिय स्वाधीनताका लागि नागरिक अभियानका पदम कार्की, मालेमा अध्ययन केन्द्रका विनबहादुर कुँवर, वरिष्ठ अधिवक्ता तेजप्रसाद कँडेल, वरिष्ठ पत्रकार बालकृष्ण चापागाईंलगायतले सरकारले नेकपामाथि दमन गरेर लोकतन्त्रको खिल्ली उडाएको बताउँदै यस्तै सरकारले यस्तै हर्कत जारी राखे पतनको यात्रा हुने धारणा राखे । यस्तै नेकपा मोरङले कोणसभाको आयोजना गरेको छ। शान्तिपूर्ण कार्यक्रममाथि हस्तक्षेप गर्न निर्देशन दिएर प्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफैँले बनाएको संविधानको उल्लंघन गरेको बताउँदै कार्यक्रमका वक्ताहरूले आफ्ना नेताहरूलाई रिहाइको माग गरेका थिए। त्यस्तै, झापाको बिर्तामोडमा सरकारद्वारा नेकपामाथि गरिएको दमन र प्रहरी हस्तक्षेपको विषयलाई लिएर अन्तरक्रिया कार्यक्रम भएको छ । कार्यक्रममा बोल्ने वक्ताहरूले सरकारद्वारा जनताको मौलिक हकमाथि प्रतिबन्ध लगाउँदै विराटनगरमा नेकपाको युवा जनस्वयंसेवकको कार्यक्रममाथि गरिएको दमनको विरोध गरेका छन् । कार्यक्रममा नेकपाका झापा सेक्रेटरी निर्मलले तानाशाही तरिकाले राज्य आएको हुँदा त्यसको प्रतिरोध गर्नुबाहेक अरू विकल्प नभएको बताए । यस्तै, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको पूर्वी कमान इन्चार्ज सर्वश्रेष्ठले दलाल पुँजीवादी व्यवस्थाले तानाशाही शैलीमा नेकपालाई दमन गरेको भन्दै वर्तमान राज्यव्यवस्थालाई विस्थापित गर्दै जनताको मौलिक अधिकारसहितको व्यवस्था वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने बताए। कार्यक्रममा विभिन्न संघ-संस्था र सरोकारवाला निकायका व्यक्तिहरूको सहभागिता थियो । नेकपाका जिल्ला इन्चार्ज उमेशको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सो पार्टीका झापा सेक्रेटरी सौगातले गरेका थिए । यस्तै, चितवनबाट प्राप्तअनुसार चितवनको भरतपुरमा पनि कार्यक्रम सम्पन्न भएको छ।

## नेता सुदर्शन ...

फागुन ६ गते मोरङको विराटनगरमा आयोजीत युवा जनस्वयंसेवकको राष्ट्रिय सम्मेलनमा जादै गर्दा द्वय नेतालगायतका नेताकार्यकर्ताहरुलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको थियो । सुदर्शनलाई मोरङ जिल्ला अदलतले बन्दी प्रत्यक्षीकरण मद्दाका रिहाइ गरेका हुन् । विकासलाई भने प्रहरीले भोजपुर जिल्ला अदालतमा झुट्टा मुद्दाको लागि थप अनुसन्धान गर्न लगिएको समाचार प्राप्त भएको छ।

# अखिल क्रान्तिकारीद्वारा संघर्षका कार्यक्रम घोषणा

■ रातो खबर संवाददाता/काठमाडौं

काठमाडौं : अखिल (क्रान्तिकारी)ले आफ्नो संगठनका महासचिव दिपेन्द्र चलाउनेलगायतका नेता-कार्यकर्तालाई रिहाइ नगरेको भन्दै मंगलबार कडा संघर्षको कार्यक्रम घोषणा गरेको छ। संगठनका अध्यक्ष पूर्णबहादुर सिंहले आज एक विज्ञप्ति जारी गर्दै देशव्यापी विरोध प्रदर्शनदेखि आम हड्तालसम्मको कार्यक्रम घोषणा गरेका छन् । अध्यक्ष सिंहले महासचिव चलाउने, सचिवालय सदस्य गणेश रैकाल, केन्द्रीय सदस्य सन्तोषी भट्टराईलगायतका ओली सरकारले गुण्डागर्दी शैलीमा गरिएको गिरफ्तारी निन्दा गरेका हुन् । उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'समाजिक दलाल पुँजीवादी सत्ताको तुच्छ हर्कतले उनीहरूले दुहाई दिँदै आएको कथित लोकतन्त्रको मुखुण्डो धुजाधुजा भएको छ।' गिरफ्तारीमा परेका संगठनका महासचिवलगायत सबै कमरेडहरूको बिनासर्त यथाशीघ्र रिहाइ जोडदार मागसमेत गरेको अध्यक्ष सिंह विज्ञप्तिमा उल्लेख छ। अध्यक्षद्वारा जारी गरेका संघर्षका कार्यक्रमहरू फागुन १६ गते देशव्यापी विरोध प्रदर्शन, फागुन १७, १८ प्रचारप्रसार, फागुन १९ अन्तरक्रिया, फागुन २० गते आम शैक्षिक हड्ताल अधिकार सुनिश्चितताका लागि संघर्षका कार्यक्रमहरू घोषणा गरिएको छ।

# अध्यक्षमा पाठक र महासचिवमा रूपाखेती

■ रातो खबर संवाददाता/काठमाडौं

अखिल नेपाल शिक्षक संगठनको अध्यक्षमा घनश्याम पाठकलाई चयन गर्दै छैठौं राष्ट्रिय सम्मेलन कैलालीको धनगढीमा सम्पन्न भएको छ। उक्त संगठनको महासचिवमा रमेश रूपाखेतीलाई सर्वसम्मत चयन ७५ सदस्यीय केन्द्रीय सदस्य कार्यसमिति गठन गरिएको छ । सम्मेलनको उद्घाटन समारोह हुनुभन्दा अगाडि देशभरबाट कैलालीमा जम्मा भएका हजारौं शिक्षकहरूले आफ्ना पेशागत अधिकारका विषयहरू उठाई नाराजुलुससहित धनगढी बजार परिक्रमा गरेका थिए । सम्मेलनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले राज्यले शिक्षामा विभेद र शिक्षकलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरेको भन्दै सचेत रहन आग्रह गरेका थिए। कार्यक्रमका अर्का अतिथि नेपाल शिक्षक महासंघका केन्द्रीय महासचिव तिलक कुँवरले अधिकार र कर्तव्यका लागि सबै शिक्षकहरू एक हुनुको विकल्प नभएको र राज्यले कुनै पनि वहानामा अखिल नेपाल शिक्षक सङ्गठनमा आबद्ध शिक्षकहरूलाई दुःख दिने काम गरेमा त्यसको प्रतिवाद गर्न महासंघ तयार रहेको बताए। कार्यक्रमका अध्यक्ष लालबहादुर बिसीले शैक्षिक माफियाहरूका विरुद्धमा लड्दा आफूहरू फुटेको सिसामा हामफाल्ने दिन आएको बताउँदै शैक्षिक समस्या समाधानका लागि सबै शिक्षकहरूलाई दह्रो भई उभिन आग्रह गरेका थिए । घनश्याम पाठकको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा अन्य अतिथिहरूले पनि मन्तव्य राखेका थिए।

कार्यक्रममा शिक्षण पेसामा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व एवं सहिद परिवार र अन्य भूमिका निर्वाह गर्नुहुने शिक्षकहरूलाई सम्मान गरिएको कार्यक्रमको सञ्चालन महासचिव गोपाल पाण्डेले गरेका थिए।

## मेलम्ची खानेपानी आयोजनासम्बन्धी प्रायशः शोधिने केही प्रश्नहरू

**प्रश्न नं. १ : काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना भनेको के हो ?**

उत्तर : काठमाडौं उपत्यकाबासीलाई सहज र उचित खानेपानी व्यवस्था गर्न हालको खानेपानी वितरण प्रणालीमा आवश्यक सुधारका लागि काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना संचालन गरिएको हो ।

यो आयोजना दुई चरणमा सम्पन्न हुनेछ । पहिलो चरणमा मेलम्चीको पानी २७.६ कि.मी. लामो सुरुङ हुँदै काठमाडौंको सुन्दरीजलमा निर्माणाधीन प्रशोधन केन्द्रमा प्रशोधन गरी थोक वितरण प्रणालीमार्फत् वितरण गरिनेछ । पहिलो चरणअन्तर्गत काठमाडौंका पुराना पानी वितरण प्रणालीको सुधार पनि रहेको छ। हाल पहिलो चरणअन्तर्गतको निर्माण कार्य भइरहेको छ ।

दोस्रो चरणको तयारीका कामहरू पनि भइरहेका छन्। दोस्रो चरणअन्तर्गत मेलम्ची सुरुङबाट यांग्री र लार्केखोलाको थप पानी काठमाडौं ल्याउने र सुन्दरीजल प्रशोधन केन्द्रको विस्तारका कार्यहरू रहेका छन्।

**प्रश्न २ : मेरो घरको धारामा कहिलेदेखि पर्याप्त खानेपानी आउँछ ?**

उत्तर : नयाँ तथा पुराना प्रणालीअन्तर्गत धारा जडान भएका केयुकेएलका ग्राहकका घरमा माघ २०७५ भित्र हालको भन्दा उल्लेखनीय मात्रामा धेरै पानी आउने अपेक्षा गरिएको छ। केयुकेएलको पानी वितरण प्रणालीमा पानी थप गर्नका लागि केही निर्माण कार्य बाँकी छन्। जसअन्तर्गत सुरुङ खन्ने काम थोरै मात्र बाँकी छ र यो काम आगामी वर्षको सुरुमै सकिने अपेक्षा गरिएको छ। त्यसरी सुरुङबाट ल्याइएको पानी सुन्दरीजल प्रशोधन केन्द्रमा प्रशोधन गरी, आवश्यक परीक्षणका कार्यहरू गरी वितरण प्रणालीमार्फत् प्रत्येक घरमा मेलम्चीको पानी वितरण गरिनेछ ।

**नयाँ प्रणालीबाट पानी वितरणसम्बन्धी लक्षित कार्यतालिका**

| महत्वपूर्ण कार्यहरू | लक्षित मिति |
|---|---|
| मेलम्ची सुरुङ*निर्माण कार्यको समापन | जेठ २०७५ |
| मेलम्ची सुरुङदेखि सुन्दरीजल प्रशोधन केन्द्रमा पानी स्थानान्तरण | साउन २०७५ |
| थोक वितरण प्रणाली (३००-१४०० मिलिलिटर व्यासका पाइपहरू र ३०००-९५०० घनमिटर क्षमताका पानीपोखरीहरू) को testing, commissioning | असोज २०७५ |
| नयाँ जडान गरिएका वितरण संजालको क्रमिक रूपमा DMA-wise testing, commissioning र पानी वितरण | मंसिर २०७५ |
| वितरण सञ्जाल सुधार कार्य पूरा भई पानी वितरणको सुरुआत | माघ २०७५ |
| *सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ । योसँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ । | |

सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ। यो सँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ ।

**प्रश्न नं. ३ : मेरो घरमा केयुकेएलको नया धारा जडान भएको छैन, पुरानै जडान यथावत् छ । के काठमाडौंमा मेलम्चीको पानी आएपछि मेरो घरमा पनि पानी उपलब्ध हुन्छ ?**

उत्तर : हुन्छ। केयुकेएलका पुराना ग्राहकहरूले हाल रहेकै पाइप लाइनबाट निकट भविष्यमा थप पानी पाउनेछन्। सुरुङबाट ल्याइने मेलम्चीको पानी काठमाडौंमा थपिएपछि काठमाडौंमा थपिएपछि काठमाडौंमा खानेपानीको उपलब्धता उल्लेखनीय वृद्धि हुनेछ । त्यसपछि मौजुदा वितरण प्रणाली तथा नयाँ वितरण प्रणालीसँग जोडिएका घरहरूमा पानी वितरण सहज हुनेछ । साथसाथै काठमाडौंमा खानेपानी क्षेत्रको सुधार प्रक्रिया चरणबद्ध रुपमा अघि बढिरहनेछ ।

**प्रश्न नं. ४ : केयुकेएलको धारा जडान गर्न के गर्नुपर्छ ?**

उत्तर : केयुकेएलका उपत्यकामा रहेका १० ओटा शाखाहरूमध्ये आफूलाई पायक पर्ने शाखामा गएर आवश्यक शुल्क बुझाउनुपर्छ। नयाँ धारा जडान गर्न सामान्यतया रु. ८,००० जति लाग्छ । पुराना पाइप जडान भएका ग्राहकले पुरानो वितरण प्रणाली हटाएर नयाँ वितरण प्रणाली विस्तार भइरहेको क्षेत्रमा नयाँ पाइप जडानको लागि शुल्क तिरेको रसिद आयोजना कार्यान्वयन निर्देशनालयलाई बुझाउनुपर्दछ। त्यसपछि निर्देशनालयले तपाईंको घरमा नयाँ मिटरसहितको धारा जडान गर्नेछ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड
अनामनगर, काठमाडौं
फोन नं. ४२२२९८६, ४२२४९८६, एक्स्टेक्सन १३१, फ्याक्स नं. ४२२४०५७
www.kuklpid.org.np

"भविश्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।"

हाम्रा सेवाहरू

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवनसाथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालय : रामशाहपथ, काठमाडौं

फोन नं. ०१-४२६२६१०, पो.ब. ५२७, फ्याक्स नं. ०१-४२६२६१०

इमेल :bema@wlink.com.np, वेभसाईट : www.beema.com.np

BE INSURED Transfer your Risk

निर्जीवन बीमा गरी निश्चिन्त हुनुहोस्




राष्ट्रिय बीमा कम्पनी लिमिटेड

प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं,

फोन नं. ०१-४२५८८६६ फ्याक्स नं. +९७७-१-४२५८७२१, ४२६१३५१

website : www.rbcl.com.np, Email : info@rbcl.com.np, rbsnlac@wlink.com.np

www.machbank.com

उनी कसैकी आमा हुन्, कसैकी छोरीबुहारी, कसैकी बहिनी तथा कसैकी अर्धाङ्गिनी ।

उनी आफ्नो घरव्यबहार तथा सामाजिक जिम्मेवारीलाई सफलतापुर्वक निर्वाह गर्दछिन ।

माछापुच्छ्रे बैंक

पेवा बचत खाता

महिलाहरूको आत्मनिर्भरताको लागि

विशेषताहरू:

- न्युनतम मौज्दात: रू. १००।-
- महिलाहरूले नाबालकको नाममा समेत खोल्न सक्ने
- सेफ डिपोजिट लकरको बार्षिक सेवा शुल्कमा ५०% छुट*

* शर्तहरु लागू हुनेछ ।



सबल, उत्कृष्ट एवं विस्तारित

Machhapuchchhre Bank Limited

माछापुच्छ्रे बैंक लिमिटेड

SMS "PEWA" to 34545 for more details

MBL Tower, Lazimpat, Kathmandu, Ph: 01-4428556

OUR CORE BUSINESS

**Harvest Moon Travels & Tours Pvt. Ltd.**
Leading Travels Service Provider of Nepal

**Wide Space International Pvt. Ltd.**
Leading Foreign Employment Agency of Nepal

**Harvest Moon International Travels & Tours Pvt. Ltd.**

**Suhana Land Developers Pvt.Ltd.**
Real State Business.

**Wide Space Management Sdn. Bhd.**
Manpower Recruiting Company in Malaysia.

**Malaysia VLN Nepal Pvt. Ltd.**
Malaysia Visa "One Stop Center"

*Chairman,*
**Ram Prasad Shrestha**

Harvest Moon Group of Companies

Harvest Moon Building, Gairidhara-2, Naxal, Kathmandu, Nepal

Tel : 01-4415574, 4415526, 4415517, 4415442, 4415420, 4415726

Fax : 01-4415503

email : harvestmoon@mos.com.np, widespaceintl@yahoo.com

Web : www.harvestmoongroup.com

भरपर्दो र सुरक्षित वैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस् ।

Koshi International Services

Paint Your Future

FURTIMAN MARG, BISHAL NAGAR (NEXT TO EMBASSY OF FINLAND), KATHMANDU-4 NEPAL

Ph : +977-1-4423603, Fax : +977-1-4423606, email : koshiint@gmail.com, koshiint@wlink.com.np


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ